# लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८

भुमे गाउँपालिकाको कार्यालय,
रुकुम (पूर्व)
लुम्बिनि प्रदेश, नेपाल

## **शुभकामना**

नेपालको संविधान,२०७२ प्रस्तावनमा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधार मा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । यसरी नै **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) प्रावधानहरुको व्यवस्था गरेको छ । विश्वमा लैङ्गिक असमानता तथा सामाजिक वञ्चितीकरण सबैको चासोको विषय भएको छ । विगत केही दशक देखि विश्वभरि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लसैसास**) को क्षत्रेमा उल्लखेनीय प्रगति गरेको देखिन्छ । यसै क्रममा नेपालमा पनि विभेदरहित, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक न्यायको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्दै अगाडि बढिरहेको छ । यसै सन्दर्भमा यस भूमे नगरपालिकाले **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) प्रावधानहरुको व्यवस्थालाई टेकेर लौंङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) को क्षत्रेमा उल्लखेनीय प्रगति गर्दै आएको अवगत नै छ ।

दोस्रो लहरको कोरोना भाइरसको दोस्रो भेरियेन्टको कारण गर्नुपरेको बन्दाबन्दी, भौतिक दुरी कायम गनुपर्ने वाध्यात्मक अवस्था लगायतका प्रतिकूलताका बाध्यता रहे पनि लैगिक उतरदायि प्ररिक्षणबाट आएको प्रतिफल र आगामि दिनमा लक्षित वर्गहरुको शशक्तिकरण गर्दै हरेक क्षेत्रमा उनीहरुको अर्थपुर्ण सहभागिता सुनिश्चितता गर्नेको लागि लैससास रणनीतिको आवश्यकता रहेको महशुस भएको हुदा  जोखिम समयलाई धैर्यताका साथ दुरि कायम गरि विभिन्न सरोकारवालाहरूसँगको छलफल एवं प्राप्त सल्लाह सुझावका आधारमा तयार गरिएको लैससास ५ वर्ष रणनीति  निमार्ण भएको छ ।

आगमी दिनमा **लसैसास** रणनितिले थप उर्जा दिने छ भन्ने अपेक्षा  गाउँपालिकाकोरहेको छ । रणनीतिको सफल कार्यान्वयनका लागि राजनीतिक प्रतिबद्धता, इच्छा शक्ति र स्रोत साधनको परिचालन, समन्वय र जनचतेना अभिवृद्धि गरी गाउँपालिकाकोहरेक विकास योजना, परियोजना तथा कार्यक्रमहरूमा **लैससासलाई** मुलपवाहीकरण गर्ने  सोच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, स्रोत साधनको परिचालन, अन्तर-निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने कार्यमा लाग्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

रणनीति तयार गर्ने क्रममा आफ्ना बहमूल्य सुझावहरूसहित निरन्तर सहयोग गर्नुहुने गाउँपालिकानिर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू, वडाबासीहरू, लक्षित वर्ग/समुह तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यरत अन्य सबै सरोकारवालाहरू तथा परामर्शदाता सबैलाई  धन्यवाद दिँदै यसलाई प्रकाशित गर्ने कार्यमा संलग्न सम्पूर्ण महानुभावहरूप्रति आभार व्यक्त गर्न चाहन्छु । साथै यस **लैससास रणनीति** तयार गर्न आर्थिक सहयोग गर्नुहुने **प्रदेश प्रशिक्षण प्रतिष्ठान** लुम्बिनी प्रदेश र अपाङ्ग सशक्तिकरण एवं संचार केन्द्र (डेक) नेपाल, बाँके प्रति भूमे गाउँपालिका हार्दिक आभार व्यक्त गर्दछ ।

..............................................

रामसुर बुढा
अध्यक्ष

**शुभकामना**

नेपालको संविधानले दिएको महिला अधिकार सम्बन्धी तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने नयाँ प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरू महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको /परेकोवर्ग, अल्पसंख्यक, सीमान्तकृत, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक,अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्य लगायत नागरिकहरूले उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्नु आजको समयको माग तथा आवश्यकता हो ।

स्थानीय सरकारलाई संविधानमै उल्लेख गरी विभिन्न काम,कर्तव्य र अधिकार प्रदान गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूसहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समूहसम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षासम्बन्धी स्थानीय तथ्याङ्क र सुचना व्यवस्थापन नियमन गर्ने कुराहरू उल्लखे गरिएको छ । त्यस्तै गरी वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार तल्लोस्तर बाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी महिला तथा अल्पसंख्य समुदायको सहभागीतामा जोड, योजना बनाउँदा महिला, बालबालिका तथा पछाडि पारिएको /परेको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनोटमा जोड दिँदै **लसैसास** प्रवर्द्धन गर्ने व्यवस्थालाई जोडदिएको छ ।

दिगो विकासका लक्ष्यहरू हासिल गर्ने नेपालको प्रयत्नमा '**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८**' को ठूलो भूमिका हुन्छ । यिनै माग तथा आवश्यकतालाई मध्यनजर राख्दै भूमे नगरपालिकाले सञ्चालन गर्ने विभिन्न योजना तथा कार्यक्रमहरूका साथै यसको संरचनामा **लैससाससँग** सम्बन्धित क्रियाकलापहरूलाई एकीकृत रूपमा निर्माण गरी कार्यान्वयन गर्नका लागि आवश्यक मार्गदर्शन प्रदान गर्न '**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८**' तयार गरी प्रकाशित हुन लागकोमा मलाई धेरै खुसी लागेको छ । यस रणनीतिको माध्ययमबाट गाउँपालिकार मातहतका निकायहरूमा के कहाँ कस्तो कसरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री वातावरण सिर्जना गर्ने कुराको जानकारी समेत सरल ढङ्गबाट प्राप्त हुने छ र यसमार्फत नगरपालिकाले आगामी दिनमा स्थानीय तहको नीति,कानुन योजना कार्यक्रम सेवाप्रवाह र संस्थागत संरचनालाई लैससास रणनीति मार्फत अझ बढी प्रभावकारी बनाउन सकिने छ भन्ने विश्वास लिएको छु ।

..........................

मनकुमारी बुढा बिष्ट

उपाध्यक्ष

**विषय सूची**

परिच्छेद १ : **पृष्ठभूमि तथा परिचय लैससास रणनिति उद्देश्य, बिधी तथा प्रक्रिया**

१.१ पृष्ठभूमि : ........ १

१.२ भूमे गाउँपालिकाको परिचय : ........ १

१.३. भूमे गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनिति उद्देश्य, बिधी तथा प्रक्रिया ........ १

१.४ लैससास परिभाषा - मुख्य शव्दावलीहरु ........ २

परिच्छेद २ : लैससासको अवस्था र सन्दर्भ विष्लेषण, लैससासमा राजनैतिक, आर्थिक तथा सामाजिक पक्षहरु ........ ४

२.१ भूमे गाउँपालिकाको बर्तमान अवस्थाः ........ ४

२.२ लक्षित समुहहरुको नक्सांकन - बन्चितिकरणमा परेका समुदायको अवस्था, तथ्य तथ्यांकहरु ........ ५

२.३ सरोकारवालाहरुको बिश्लेषण ........ ५

२.४ गाउँपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष र कमजोर पक्ष तथा अवसर ........ ५

२.५गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु र प्राथमिकीकरण ........ ७

२.६ गाउँपालिकाको आगामी लैससास रणनितिको लागी लक्षित कार्यक्षेत्रहरु ........ १०

२.६.१.योजना तर्जुमा, बजेट बिनियोजन तथा कार्यान्वयनः ........ १०

२.६.२ आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सहजिकरणः ........ १०

२.६.३ समन्वय, सहकार्य र सहजिकरणः ........ १०

२.६.४ लैङ्गिक समानता तथा सामाजिक समाबेशी संयन्त्रहरुको व्यवस्थापन र कार्यान्वयन : ........ १०

परिच्छेद ३ : गाउँपालिकाको लैससास मूलप्रवाहीकरण रणनिति ........ ११

३.१ गाउँपालिकाको लैससास रणनिति ........ ११

३.२ रणनीति र कार्यनिति ........ १२

३.३ प्रस्तावित लैससास मूलप्रवाहीकरण रणनितिको कार्यन्वयनको लागि ५ वर्ष कार्ययोजना ........ १६

३.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयन पद्धती ........ २१

३.७ कानुनी व्यवस्था तथा पुनरावलोकन ........ ३२

३.७.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन ........................................................ ३२

३.७.२.रणनीतिको पुनरावलोकन तथा सुधार ................................................................ ३२

परिच्छेद ४ : एकल तथा समूह केन्द्रित छलफल तथा अन्तर्वार्ताका लागि चेकलिस्ट/प्रश्नावली लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति भूमे गाउँपालिका

## परिच्छेद – १.
## पृष्ठभूमि तथा परिचय
## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनिति उद्देश्य, बिधी तथा प्रक्रिया

### १.१ पृष्ठभूमि :

नेपालको संविधानको प्रस्तावनाले लैंगिक बिभेद र सबै प्रकारका छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातीक समावेशी सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। त्यसैगरी संविधानको भाग ३ मा उल्लेखित मौलीक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा २९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हकको व्यवस्था गरी लैंगिक समानता र सामाजिक समावेशीकरणको अधिकारलाई सुनिश्चित गरेको छ। **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) सम्बन्धी प्रावधानहरुको व्यवस्था गरेको छ।

नेपालको संविधान बमोजिम जारी गरिएको राष्ट्रिय लैंगिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८, प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७, बालबालिका सम्बन्धी ऐन २०७५, मुलुकी देवानी (संहिता) २०७४ र मुलुकी अपराध (संहिता) २०७४, लगायतका राष्ट्रिय नीति तथा कानुनहरुले लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ। लैंगिक समानता र सामाजिक समाबेशीकरणको सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानुन अन्तर्गत महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९ ले महिलाको मानव अधिकार सुनिश्चित गरेको छ। त्यसैगरी दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं ५ ले लैंगिक समानता र लक्ष्य नं १६ ले दिगो बिकासको लागि शान्तिपुर्ण तथा समाबेशी समाजको प्रबर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेहि र समाबेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ।

### १.२ भूमे गाउँपालिकाको परिचय :

भूमे गाउँपालिका नेपालको संविधानको धारा २९५ उपधारा ३ बमोजिम कायम भएका गाउँपालिका, नगरपालिकाहरु मध्ये एक स्थानीय तह हो। नेपालको लुम्बिनी प्रदेश रुकुम (पूर्व) जिल्लामा पर्ने भूमे गाउँपालिकामा साविकका महत, काँक्री, मोराबाङ, काँडा, चुनबाङ गरी ५ गा.वि.स.हरु र साविकको रुकुमकोट गा.वि.स.को वडा नं. ४ समेत समावेश भएका छन्। २७३.६७ वर्ग कि.मि. क्षेत्रफल रहेको यस भूमे गाउँपालिकाको जनसंख्या १८,५८९ रहेको छ। यस गाउँपालिकाको पूर्वमा बागलुङ जिल्ला, पश्चिममा सिस्ने गाउँपालिका र मुसिकोट नगरपालिका, उत्तरमा पुथा उत्तरगंगा गाउँपालिका तथा दक्षिणमा रोल्पा जिल्ला रहेका छन्। ९ वटा वडा कार्यालयहरु रहेको यस भूमे गाउँपालिकाको केन्द्र भूमे गाउँपालिका वडा नं. २ खाबाङबगरमा रहेको छ।

### १.३. भूमे गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनिति उद्देश्य, बिधी तथा प्रक्रिया

### विधि र प्रकृयाहरु :

१. गाउँपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको भूमे- गाउँपालिकाको-आधिकारीक-वेवसाइड बाट समीक्षा गरिएको छ।

२. नेपाल सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका २०७७ र प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमुना निर्देशिका २०७७, संग सम्वन्धित विषय वस्तुका आधारमा समुह छलफल र अन्तरबार्ताको लागि प्रश्नावली तयार गरिएको छ ।

३. गाउँपालिकाको ऐन, नीति कार्यक्रम तथा कार्यविधि, आवधिक योजना लगायतका दस्तावेजहरूको अध्ययन ।

४.कार्यशाला संचालन गर्न सहभागितात्मक विधि अवलम्बन गर्नुका साथै मुख्य व्यक्तिहरुसंग सुचना संकलन तथा अन्तरवार्ता (योजना तथा प्रसासन शाखा प्रमुख, प्रमुख प्रसासकिय अधिकृत, अध्यक्ष, वडाध्यक्ष, र विषयगत शाखाका प्रमुख) सँग सिकाई तथा अनुभवजन्य सिकाई प्रकृयालाई अबलम्बन गरिएको छ ।

५.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको महत्व, आवाश्यकता तथा कार्यान्वयन प्रकृयाका बारेमा छलफल साथै स्थानीय तहहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको महत्व तथा कार्यान्वयन प्रकृयाका बारेमा छलफल र साथै संघिय संरचना अन्तरगत स्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका आवश्यकताका बारेमा प्रस्तुतिकरण गरिएको छ ।

६.यसका अतिरिक्त गाउँपालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषण साथै सवल पक्ष, सुधार गर्न पर्ने पक्ष अवसर र सरोकारवाला SWOT Analysis गरिएको छ ।

७. चुनौतीका क्षेत्रको विश्लेषण साथै सवल पक्ष, सुधार गर्न पर्ने पक्ष अवसर र सरोकारवाला विश्लेषण गरी भावी लक्ष्य उद्धेश्यहरु सहितको कार्ययोजना तयार गरिएको छ ।

## १.४ लैससास परिभाषा - मुख्य शव्दावलीहरु

**१. नाम र प्रारम्भ :** यस रणनीतिको नाम **लैङ्गिक समानता तथा सामाजिक समावेशिता रणनीति २०७८ र**हनेछ र यसको प्रारम्भ स्थानीय सरकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

**२. संक्षेपित शब्दावली र परिभाषा**

क) ***"स्थानीय तह"*** भूमे गाउँपालीका सम्फनु पर्छ ।

ख) **"कार्यक्रम"** भन्नाले भूमे गाउँपालिकाको निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्फनु पर्छ ।

ग) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई भूमे गाउँपालिकाविशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एबं अधिकत्म उपयोग गर्ने प्रक्रिया हो ।

घ) **"योजना"** भन्नाले समग्र भूमे गाउँपालिकाको विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्फनु पर्छ ।

ङ) **लैंङ्गिकता** : कुनै पनि मानिस लिङ्गको आधारमा महिला वा पुरुष वा लैंगिक यौनिक तथा अल्पसंख्यक कारण समाजद्वारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक व्यवहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण हो ।

च) **लैङ्गिक मूलप्रवाहीकरण** : गाउँपालिकाको कुनैपनि योजनाबद्ध कार्य, बिद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति नियम, कार्यक्रम कार्यन्वयनको , बजेट र सेवा प्रवाह तथा योजना तर्जुमाका हरेक क्षेत्र तथा तह र तप्कामा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने प्रक्रिया नै लैङ्गिक मूलप्रवाहीकरण हो ।

छ) **लैङ्गिक समानता :समाज तथा राज्यको** सबै अङ्ग र तहमा महिला र पुरुष बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरण हुनु नै लैङ्गिक समानता हो ।

ज) **लैङ्गिक संवेदनशिल** : सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र लैंगिक यौनिक तथा अल्पसंख्यक विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनु हो ।

झ) **लैंगिकमैत्री** : समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा लैंगिक यौनिक तथा अल्पसंख्यक विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण व्यवहार हो ।

ञ) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी

**ट) "सामाजिक बञ्चितिकरण"** : लैंगिकता, जातजाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो ।

**ठ)"सामाजिक समावेशी सम्पर्क व्यक्ति"** भन्नाले भूमे गाउँपालिकाको लैंगिक समानता तथा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

ड) **"सामाजिक समावेशी बजेट"** भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका व्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

ढ) **"खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एव एच.आई.भि.संक्रमित ब्यक्ति, लैंगिक यौनिक तथा अल्पसंख्यक तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

**ण) "गरिबी नक्शाङ्कन"** गरिबी नक्शाङ्कन भन्नाले एउटा निश्चित भू-भागमा बसो बास गर्ने घर परिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण (Spatial Distribution) बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनुपर्दछ ।

**त) "लक्षित वर्ग/समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, लैंगिक यौनिक तथा अल्पसंख्यक,आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका व्यक्ति,अल्पसंख्यक

तथा सीमान्तकृत समुह आदिको एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ ।

## परिच्छेद २
## लैससासको अवस्था र सन्दर्भ बिष्लेषण, लैससासमा राजनैतिक, आर्थिक तथा सामाजिक पक्षहरु

### २.१ भूमे गाउँपालिकाको बर्तमान अवस्था :

प्राकृतिक हिसावले यो गाउँपालिका वन तथा खनिज पदार्थ लगायत प्राकृतिक स्रोतमा धनी गाउँपालिकाको रुपमा परिचित छ । हाल सम्म परम्परागत खेतीमा आधारित रहेको तर विषादीरहित खेती प्रणाली अङ्गालेको यस गाउँपालिकाको खेतीयोग्य जमिन एक चौथाइ भाग मात्र रहेको छ भने बाँकी भाग वनजङ्गल तथा भिरपाखाले ढाकेको छ । यहाँको माथिल्लो भागमा वर्षमा ६ महिना हिउँ पर्ने हिमाली भाग पनि भएको हुँदा यस गाउँपालिकाको मौसम चिसो हुने गर्दछ । खेतीयोग्य जमिन प्रशस्त भएता पनि यहाँ सिंचाई लगायतका कृषकहरुका लागि आधुनिक सुविधाहरु प्रयाप्त नभएको हुँदा आकाशे खेतीमा निर्भर कृषकहरुले सोचे अनुरुप उत्पादन गर्न सकिरहेका छैनन् ।

परम्परागत कृषि, पशुपालन र पुरानै प्रकृतिका उद्यमशिलतामा बढि मात्रामा निर्भर रहने भएको हुँदा गाउँपालिकावासीको दैनिक जीवन कष्टकर नै रहेको छ । सामान्यतया वर्षभरीको उत्पादनले मुस्किलले ३ महिना खाना पुग्ने र रोजगारीका अन्य विकल्पहरु केहि नभएको हुँदा सामान्यतया यहाँको समुदाय दैनिक ज्याला मजदुरी जस्ता वैकल्पिक जीविकोपार्जनमा निर्भर हुने गरेको छ । तथापी कृषि तथा पशुपालनलाई व्यवसायिकरण गर्दै अगाडि बढेको हुँदा यहाँका वासिन्दाहरुमा आर्थिक उन्नती हुदै गएको छ ।

पुरुष साक्षरता ६५.८% र महिला साक्षरता ४५.१% गरि समग्र गाउँपालिकाको साक्षरता ५४.५% (जनगणना २०६८) रहेको यस गाउँपालिकामा हाल ८ वटा माधमिक तहका -४ वटा कछा १२ सम्मका ०४ वटा कछा १० सम्मका माध्यामिक विद्यालय आधारभूत विद्यालय ९ वटा कछा ८ सम्मका र आधारभूत विद्यालय (१-५) १७ वटा, संस्थागत विद्यालय २ वटा, बालबिकास केन्द्रको संख्या २९ र सामुदायिक सिकाइ केन्द्र ४ वटा रहेका छन् । गाउँपालिकाका विभिन्न वडाहरुमा आफ्नै भवनमा स्वास्थ्य संस्था रहेका भवन ५ वटा रहेका छन् भने स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसार बनेका स्वास्थ्य संस्थाहरुको संख्या जम्मा २ वटा रहेको छ । यस गाउँपालिकाका सवै वडाहरुलाई खुल्ला दिशामुक्त क्षेत्रको रुपमा घोषणा गरिसकिएको छ ।

काँक्रीटोल-तक्सेरा सडक (२७.३ कि.मि.), झुला खेत-चुन्बाङ् सडक (८.३ कि.मि.) र दाङ - चुन्बाङ - महत - खाबाङबगर- पुथा उत्तरगंगा सडक गरि गाउँपालिकामा मुख्यगरि ३ वटा मौसमी सडकहरु रहेका छन भने गाउँपालिकामा जम्मा १३ वटा झोलुङ्गे पुलहरु रहेका छन् । लुकुमखोला जलविद्युत, क्याङ्सी खोला जलविद्युत, चुन्बाङ खोला जलविद्युत र महत जलविद्युत आयोजना गरि ४ वटा स्थानीय जलविद्युत आयोजना मार्फत स्थानीयस्तरमा विद्युतीकरण भइरहेको छ ।

यस गाउँपालिकामा जम्मा ६५ वटा सामुदायिक वनहरु, २४ वटा सरकारी वन, १० वटा नीजि वन र १२ वटा कवुलियती वन रहेका छन् गाउँपालिकाको समग्र जनसंख्या मध्ये १२९ घरपरिवारहरु कुनै पनि प्रकारको वनको पहुँचमा छैनन् । गाउँपालिकाका सवै वडामा गरि जम्मा ५१ वटा जोखिमयुक्त पहिरोहरु रहेका छन् भने पहिरो जोखिममा रहेको घरपरिवारको संख्या ८६ रहेको छ

गाउँपालिकाका ४ वटा वडा कार्यालयहरुको आफ्नै भवन रहेको छ भने बाँकि वडा कार्यालयहरु भाडामा रहेका छन् । गाउँपालिकाको प्रशासनिक भवन मार्फत प्रभावकारीमूलक तरिकाले सेवाहरु प्रदान गरिदै आएको छ । भूमे गाउँपालिकाको समृद्धिका आधारहरु केलाउदा हिमाली, पहाडी र लेकाली क्षेत्र गरि ३ वटै भागहरु रहेका छन् । भूमे गाउँपालिकालाई समृद्ध गाउँपालिका निर्माण गर्ने विभिन्न आधारहरु मध्य ब्यबसायीक कृषि, बन तथा बाताबरण, बिद्युत तथा जलस्रोत, पर्यटन, लघु उद्यम, स्वास्थ्य तथा जनसंख्यालाई लिन सकिन्छ ।

## २.२ लक्षित समुहहरुको नक्सांकन - बन्चितिकरणमा परेका समुदायको अवस्था, तथ्य तथ्यांकहरु

नेपालको जनगणना २०६८ अनुसार भूमे गाउँपालिकाको जनसंख्या १८, ५८९ रहेको छ भने जम्मा घरधुरी ३८६५ रहेको देखिन्छ । जम्मा जनसंख्या मध्ये १०१४६ महिला र ८४४३ पुरुषहरुको संख्या रहेको छ जस्मध्ये ६६.१ प्रतिशत अर्थात १२३१९ जनसंख्या मगरजातीको मात्र रहेको छ । १२३१९ जनाको संख्यामा मगर समुदायको वसोवास रहेको देखिन्छ । जातजाति गाउँपालिकाको जनसँख्या हेर्दा समग्रमा दलित घरपरिवार ८०५, जनजाती घरपरिवार २६८१ अन्य घरपरिवा ३४९ रहेको छ । गाउँपालिकाले तयार गरेको खानेपानी तथा सरसफाइ प्रोफाइल २०७७ अनुसार महिला जनसंख्या १०५७१, पुरुष जनसंख्या १०६७० गरि जम्मा जनसंख्या २१२४१ रहेको छ भने घरधुरी संख्या ४२८५ रहेको छ ।

## २.३ सरोकारवालाहरुको बिश्लेषण

गाउँपालिकाको सम्पूर्ण बिकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने कार्यमा उल्लेखित सरोकारवाला निकायहरुको महत्वपुर्ण भुमिका रहेका छन् ।

विभिन्न राजनैतिक दलहरु, गाउँपालिका, गाउँ शिक्षा समिति, वडा कार्यालय, वडा समिति, जिल्ला समन्वय समिति, प्रदेश र केन्द्र सरकार, स्वास्थ्य संस्थाहरु, विद्यालय, युवा र वाल क्लव, महिला संञ्जाल, आमा समुह, रेडक्रस, विपत व्यवस्थापन समिति, टोल विकास संस्थाहरु, विभिन्न गैसस संघ संस्थाहरु, अपाङ्ग संघ, बैक तथा वित्तिय सहकारी संस्था, ईलाका प्रहरी चौकी, उद्योग वाणिज्य संघ (गापा स्तरिय), यातायात व्यवसायी संघ(गापा स्तरिय), होटेल व्यवसायी संघ (गापा स्तरिय), सामुदायिक वन उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति आदि ।

## *२.४ गाउँपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष र कमजोर पक्ष तथा अवसर* <u>सवालहरु</u>

गाउँपालिकाबाट लैंगिक समानता तथा समावेशी बिकास लगायत गरिवी न्यूनीकरण क्षेत्रमा केही सकारात्मक, प्रयासहरु अवलम्वन गरिएका छन् । यसलाई प्रभावकारीता र निरन्तरताका लागि नीतिगत ब्यबस्था सहित बिकास प्रक्रिया थालनी गाउँपालिकामा सुरु गरिएको छ ।

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| ५ बर्षमुनि र ६० बर्ष माथीका दलितहरुको लागिसामाजिक सुरक्षा भत्ता, वडा स्तरमा दलित उत्थान कार्यक्रम र बजेट बिनियोजन, विगतमा छुवाछुतमुक्त गाविस घोषणा | दलितमैत्री ठोस कार्यक्रमको अभाव, छुवाछुत मुक्त पालिका घोषण हुन नसकेको |
| आर्थिक रुपमा विपन्न व्यक्तिलाई निशुल्क सिफारिस सेवा, जनता आवास, सुरक्षित नागरिक आवास, प्रधानमन्त्री रोजगार, न्यानो | परिवारको आर्थिक अवस्था पहिचानको मापदयड नभएको, रोजगारमुखि कार्यक्रममा असाहय, |

| | |
|---|---|
| कपडा वितरण, राहत वितरण, आयआर्जनमुखि कार्यक्रम सञ्चालन | अपांगता भएका व्यक्तिले प्राथमिकता नपाएको । |
| भाषा, सस्कृतिको संरक्षण तथा संवर्द्धनका लागि हरेक बर्ष भूमे महोत्सव सञ्चालन, मगर संग्राहलय निर्माण, मगर भाषामा पढाई । | कृषकको उत्पादित वस्तुको बजारिकरणमा सुनिश्चितता नहुनु । |
| जेष्ठ नागरिक सम्मान तथा सुरक्षा भत्ता नियमित गर्नु,जेष्ठ नागरिकहरुको लागि निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्नु, ७० बर्ष माथीका जेष्ठ नागरिकको घरमै उपचार व्यवस्था । | बृद्धाश्रम, जेष्ठ नागरिक खाजा कार्यक्रम निर्माण हुन नसेको । |
| एकल महिलालाई सुरुक्षा भत्ता नियमित, प्रत्येक बिद्यालयमा निशुल्क सेनेटरी प्याड वितरण, सुत्केरीलाई निशुल्क एम्बुलेन्स सेवा, पोषण झोला वितरण, प्रत्येक स्वास्थ्य चौकीमा सुत्केरी भान्साघर निर्माण, स्तनपान कक्ष, स्वास्थ्य मापदण्ड अनुसार गर्भजाँच गरे थप भत्ताको व्यवस्था, प्रत्येक वडामा आमा समुह, सञजाल निर्माण, सचेनामुलक कार्यक्रम नियमित, सुधारिएको चुलो कार्यक्रम सञ्चालन । | हिंसामा परेका महिलाहरुको लागि सेफ हाउस, सबै महिलाहरुलाई निशुल्क सनेटरी प्याड, पाठेघरको उपचार सम्बन्धि प्रभावकारी उपचार शिविर हुन नसकेको, पाठेघर तथा स्तन क्यान्सरको उपचार निशुल्क हुने व्यबस्था गरिनुपर्ने, हिंसा पीडित महिलाहरुको लागि कानूनी उपचार प्राप्तीमा आर्थिक सहयोग हुनुपर्ने । ज्यालादरमा महिला पुरुष विच विभेद रहेको । |
| ५ बर्ष मुनिका बालबालिकालाई पोषण भत्ता, सबै बिद्यालयमा बालमैत्री कक्षाकोठा र धारा निर्माण, बाल क्लब तथा बाल सञ्जाल गठन र सञ्चालन, दिवा खाजा कार्यक्रम सञ्चालन, हरेक बिद्यालयमा अडियो र भिडियो समाग्री सहयोग । | टुहुरा बालबालिकाको पहिचान र व्यवस्थापन हुन नसिकेको, अपांगता भएका बालबालिकाको लागि छुट्टै पढ्ने व्यवस्था हुन नसकेको, विपन्न बिद्यार्थीहरुको उच्च शिक्षा आर्जनमा सहयोग हुन नसकेको । |
| अपाँग परिचय पत्र वितरण कार्यबिधि निर्माण, सामाजिक सुरक्षा भत्ता प्रदान, अपांगतामैत्री वजेट वडाबाटै कार्यान्वयन हुने गरी बिनियोजन, सहायक सामाग्री बितरण | सबै विकास निर्माणका संरचना अपांगता मैत्री नभएका, ठोस कार्यक्रमको अभाव, क र ख वर्ग बाहेका अपांगता भएका व्यक्तिहरुलाई कुनै पनि भत्ता पाउन नसकेको । |
| भौगोलिक रुपमा ठुलो, प्राकृतिक स्रोत साधन (तामाखानी, फलामखानी) सदुपयोग गर्दा राजस्वका संकलन र रोजगारिका अवसर उपलब्ध हुने । | भौगालिक रुपमा विकटता भएको कारण सबै वर्ग क्षेत्र विकासको मुल प्रवाह समेटिन कठिनाई । शिक्षा, स्वास्थ्य, संचार र यातायातको पहुँच सवै बर्ग क्षेत्र सम्म पुग्न सकिएको छैन । |
| स्वास्थ्य विमा कार्यक्रम लागु भएको कारण जनताहरुलाई सेवा पुगेको । | स्थानीय तहमा सिमान्तकृत समुदायलाई मूलप्रवाहीकरण गर्नका लागि नीति, रणनिति कार्य विधिहरु निमार्ण नभएको जसकारण कार्यक्रमको व्यवस्था अलि प्रभावकारीता नरहेको । |

| | |
|---|---|
| गाउँपालिकाबाट बार्षिक विनियोजित रकम सबै वर्ग क्षेत्रलाई समेटिएर आएको । | लक्षित वर्ग/समुह, समुदायको अवस्था विश्लेषण र आवश्यकता पहिचानको नभएको । खण्डीकृत तथ्याङ्क अद्यावधिक नगरिएको हुँदा दलित र जनजाति र अल्पसख्यक शिर्षकका कार्यक्रम नहुदा स्रोत, साधन र विकास प्रक्रियामा लक्षित वर्गको पर्याप्त पहुँच हुन कठिनाई । |
| भौतिक संरचना लैससास मैत्रि तथा मापदण्ड अनुसार बनाउने प्रयास गरिएको | सबै भौतिक संरचना लैससासमैत्रि तथा मापदण्ड अनुसार नरहेको । |
| गाउँपालिकाको अनुगमन र मूल्याङ्कन सयन्त्र प्रणाली भएको । | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रको छुटै अनुगमन र मूल्याङ्कन सयन्त्र प्रणाली प्रभावकारी नहुदा सिमान्तकृत बर्ग समुदायलाई बिकासको मूलप्रबाहमा ल्याउन सकिएको छैन |
| लक्षित वर्ग बिशेषका कार्यबिधिहरु बनेका । | लक्षित वर्गहरुलाई मुलाधारमा ल्याउन कार्यावधि निर्माण भैसकेको र कार्यान्वयन पक्षमा जोड दिनु पर्ने । |

## २.५ गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु र प्राथमिकीकरण

**प्रमुख सवालहरु**

| **अवसर** | **प्रमुख सवालहरु** |
|---|---|
| स्थानीय सरकारले कानुनी अधिकार सहित जिम्मेवारी पाएकोले स्थानीय आबश्यकता अनुरुप नीतिगत ब्यबस्था गरी लागु गर्न सक्ने । | ग्रामिण महिलालाई नेतृत्व विकास सहित नीति निर्माण तहमा प्रतिष्पर्धा गर्न व्यवहारिक तथा सामाजिक कठिनाइ रहनु । |
| | |
| लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी जारी गरिएका राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून तथा नीतिगत व्यवस्थाको स्थानीयकरण गर्न सकिने । | हानिकारक सामाजिक मुल्य मान्यता, पितृसत्तात्मक सामाजिक सोंच र बिभेदपुर्ण लैङ्गिक भूमिकाले प्रश्रय पाइरहनु । |
| गाउँपालिकाको वार्षिक योजना तथा बजेट बिनियोजन गर्दा महिला, बालबालिका, दलित लगायत लक्षित वर्गको उत्थान तथा विकासका लागि योजना तथा बजेट छुट्याउने परिपाटीको बिकास भएकोले नीतिगत ब्यस्था गरी संस्थागत गर्न सकिने । | निर्णायक भूमिकामा रहेका महिला नेतृत्वको समय सापेक्ष निर्णायक क्षमताको अभिवृद्धि कमि हुनु । |
| महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा वञ्चितिकरणमा परेका ब्यक्ति तथा समुदायको उत्थान र सशक्तिकरणका लागि संरचना निर्माण साथै संस्थागत विकास तर्फ सकारात्मक | समाजमा व्याप्त घरेलु हिंसा र लैङ्गिक हिंसाको अन्त्य गरी न्यायमा पहुँच बृद्धिका लागि प्रतिबद्वता सहितको कार्यान्वयन प्रणालीको विकास हुन नसक्नु । |

| | |
|---|---|
| प्रयासहरुको थालनी हुनु । | |
| स्थानीय तहमा क्रियाशिल बिभिन्न संजाल र गैरसरकारी संस्थाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरु सम्बोधनका लागि निरन्तर बहस तथा पैरवी गर्नुका साथै स्थानीय सरकारसंग नियमित सहकार्य हुनु । | समाजमा बिद्यमान हानीकारक कुरीति, कुप्रथा, सामाजिक असमानता र लैंगिक बिभेदहरु कायमै रहनु । |
| बिभिन्न संचार माध्ययमबाट लैससासंग सम्बन्धीत सवालहरु उठान गर्ने र सम्बोधनका लागि सम्बन्धीत सरोकावालाको ध्यानाकर्षण गर्ने कार्यले निरन्तरता पाउनु । | लैंगिक समानता र सामाजिक समावेशीकरण प्रक्रियाको आन्तरिकीकरण गरी संस्थागत गर्ने कुरामा संस्थागत तत्परता र नीति तथा योजनामा लैंगिक सवेदनशिलताको कमी रहनु । |
| लैससासमैत्री शासन ब्यबस्था र ब्यबहार अवलम्बनका लागि बिभिन्न सरोकारवालाबाट क्षमता बिकास सम्बन्धी कार्यक्रममा सहयोग बढेको छ । | समाजमा महिला पुरुषको समान अस्तित्वको स्विकार्यता र श्रम बजारमा महिलाको श्रमको उचित मुल्यांकन नगरिनु । |
| | हिंसा पिडित तथा अति जोखिममा रहेका महिला, किशोरी र बालिकाको संरक्षणको लागि बैकल्पिक हेरचाह तथा सुरक्षाको सुनिश्चितता कमि । |
| | महिला, दलित जनजाती लगायत सामाजिक रुपले पछाडी पारिएका ब्यक्ति वा समुदायको समानुपातिक प्रतिनिधित्वलाई जोड दिएता पनि सहर्ष स्विकार गर्न नसक्नु । |

**<u>लक्षित वर्गको प्राथमिकिकरण :</u>**

**अपांगता भएका व्यक्तिहरु :** भौगोलिक विकटता, अपांगतामैत्री संरचनाको अभाव, कानूनी समस्या, दिगो रोजगारमा समस्या ।

**दलित :** अर्थिक विपन्नता, चेतनाको अभाव, रोजगारीका समस्या ।

**आर्थिक रुपमा विपन्न वर्ग :** गरिव वर्ग पहिचान नहुनु, गरिबी न्युनिकरणका लागि ठोस र दिर्घकालिन कार्यक्रमहरु नहुनु, स्वरोजगारका अवसरहरु कम हुनु ।

**यौनिक अल्पसंख्यक :** पहिचान नहुनु, समाजिक विभेद हुनु ।

**जेष्ठ नागरिक :** भौगोलिक विकटता, स्वास्थोपचारमा समस्या, हिंसा ।

**महिलाहरु :** एकल महिला, आीर्थक रुपमा विपन्न महिलाहरु ।

**बालबालिका :** टुहुरा बालबालिका, बिपन्न परिवारका बालबालिका

**भौगोलिक विटकता :** आधारभूत सेवाबाट टाढा रहेका बस्तीहरु ।

**आदिवासी जनजाती भित्रका गुरुङ जातिहरु :** भाषा, सस्कार सस्कृति लोप हुने खतरा, आर्थिक रराजैतिक अवसर तथा पहुँचबाट टाढा ।

### २.६.१. योजना तर्जुमा, बजेट बिनियोजन तथा कार्यान्वयन

#### १. स्थानीय तहमा योजना तर्जुमा :

(क) गाउँपालिकाको हरेक योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनका चरणहरुमा समुदायमा लैङ्गिक तथा सामाजिक रुपले पछाडी पारिएका लक्षित बर्ग/समुहहरुको समानुपातिक सहभागिता सुनिश्चित गरिने छ ।

(ख) बार्षिक योजना तर्जुमाको चरणमा गाउँपालिकालक्षित समुदायहरुको सवाल तथा समस्या पहिचान गरी सम्बोधन प्रक्रिया सुनिश्चित गर्नका लागि स्थानीय सवाल तथा समस्याहरुलाई नियमित अद्याबधिक गरिनेछ ।

(ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सग सम्बन्धित सम्पूर्ण तथ्याङ्कहरुलाई खण्डिकृत रुपमा अभिलेखिकरण गरी सो को विश्लेषण र नियमित अद्याबधिक गरी योजना तर्जुमा गर्दा सो तथ्याङ्कलाई प्रमुख आधारको रुपमा उपयोग गरिनेछ ।

#### २. वजेट विनियोजन :

(क) गाउँपालिकाले लैङ्गिक उत्तरदायी योजना तथा बजेट बिनियोजन प्रक्रियालाई अनिवार्य अवलम्वन गर्नेछ ।

#### ३ योजना कार्यान्वयन :

(क) गाउँपालिकाबाट पारित भएका योजनाहरुको कार्यान्वयन चरणमा समुदायका लक्षित वर्ग /समुहको सहभागितालाई अनिवार्य गरिनेछ ।

### ३.लैङ्गिक समानता तथा सामाजिक समाबेशी संयन्त्रहरुको ब्यवस्थापन र कार्यान्वयन :

३.१. गाउँपालिकामा लैङ्गिकमैत्री संयन्त्रहरुको गठन तथा ब्यवस्थापन :

(क) गाउँपालिकामा लैससास इकाई/शाखा र कार्यान्वयन समिति गठन गरिनेछ ।

(ख) लैससास शाखामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा काम गर्नका लागि लैङ्गिक सम्पर्क व्यक्ति नियुक्त गरि परिचालन गरिने छ ।

(ग) गाउँपालिकासबै संयन्त्रहरु र गाउँपालिकाक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थाहरुमा लैङ्गिकमैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको ब्यवस्था सुनिश्चित गरिने छ ।

### ३.२. लैससास शाखा वा इकाई स्थापना

१. गाउँपालिका क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणका सवालहरु सम्बोधन गर्न र लैङ्गिक उत्तरदायी बजेट निर्माणमा सहजीकरण एवं सहयोग पुग्ने गरी गाउँपालिकाअन्य शाखाहरु जस्तै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाको स्थापना गरी लैङ्गिक क्षेत्रको जिम्मेवारी प्रदान गरिनेछ । गाउँपालिकामा कार्यरत अधिकृत स्तरको कर्मचारीलाई यस शाखामा रही लैङ्गिक सम्पर्क ब्यक्तिको रुपमा समन्वयकारी भुमिका निर्वाह गर्न जिम्मेवारी प्रदान गरिने छ ।

२. लैससास शाखाको काम कर्तव्य र अधिकार तोक्ने ।

**३.३** अनुगमन, मूल्यांकन र अनुसन्धान गरि लक्षित वर्ग/समूहको सवाल र समस्या पहिचान गरि, उनीहरुलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरुको समग्र नगरपालिकाको विकास प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ ।

## २.६ गाउँपालिकाको आगामी लैससास रणनितिको लागी लक्षित कार्यक्षेत्रहरु

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (**लैससास**) सम्बन्धी तोकिएको प्रावधानहरुको व्यवस्था अनुरुप गाउँपालिकाकोआगामी लैससास रणनितिको कार्यक्षेत्र निधारर्ण गरिएको हुन्छ ।

### २.६.१.योजना तर्जुमा, बजेट बिनियोजन तथा कार्यान्वयनः

#### १ स्थानीय तहमा योजना तर्जुमा :

क) भूमे गाउँपालिकाको हरेक योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनका चरणहरुमा समुदायमा लैङ्गिक तथा सामाजिक रुपले पछाडी पारिएका बर्ग समुदायका मानिसहरुको समानुपातिक सहभागिता सुनिश्चित गरिने छ ।

#### २. वजेट विनियोजन :

क) गाउँपालिकाले लैङ्गिक उत्तरदायी योजना तथा बजेट बिनियोजन प्रक्रियालाई अनिवार्य अवलम्वन गर्नेछ ।

#### ३. योजना कार्यान्वयन :

क) गाउँपलिकाबाट पारित भएका योजनाहरुको कार्यान्वयन चरणमा समुदायका लक्षित व्यक्तिहरु (महिला, एकल महिला, दलित, बालबालिका, जेष्ठ नागरीक, अपाङ्ग, अल्पसख्यक आदि) को सहभागितालाई अनिवार्य गरिनेछ ।

### २.६.२ आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सहजिकरणः

**क**) लक्षित वर्ग/समूहका विकासका अवसर श्रोत र साधनमा पहुँच अर्थपूर्ण सहभागिता गराइ उनीहरुलाई सवल बनाई आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सशक्तिकरण गरिनेछ ।

### २.६.३ समन्वय, सहकार्य र सहजिकरणः

क) लैससास सम्बन्धी नीति, रणनिति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजिकरण गरिनेछ ।

### २.६.४ लैङ्गिक समानता तथा सामाजिक समाबेशी संयन्त्रहरुको ब्यवस्थापन र कार्यान्वयन :

गाउँपालिकासबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट गाउँपालिकामा लैङ्गिकमैत्री संयन्त्रहरुको गठन तथा व्यवस्थापन, लैससास शाखा वा इकाई स्थापना र अनुगमन तथा मूल्यांकन गर्ने यसलाई संस्थागत गर्दै जानेछ ।

## परिच्छेद ३

## गाउँपालिकाकोलैससास मूलप्रवाहीकरण रणनितिका

### ३.१ गाउँपालिकाको लैससास रणनितिका

**परिदृश्य :**

“हाम्रो भूमे समृद्ध भूमे”

**ध्येय :**

समानताका लागि लक्षित समुदायको समतामुलक सहभागितालाई प्राथामिकता दिने

**लक्ष्य :**

सुशासनमा आधारीत स्थानीय शाशन प्रणालीको बिकास गरी समग्र बिकास प्रक्रियामा लैंगिक समानता तथा सामाजिक समाबेशीकरणको मूलप्रबाहीकरण गर्ने ।

**उद्देश्यहरु :**

१.समृद्ध भूमे निर्माणको लागि लक्षित वर्गलाई समान पंहुच, राजनैतिक ,सामाजिक सांस्कृतिक तथा आर्थिक रुपमा शसक्त हिंसा निवारण गर्दै कुरीति तथा कुप्रथाको अन्त्य गर्ने ।

२.गाउँपालिकाहरेक योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनहरुमा संवेदनशील भई लैंगिक तथा सामाजिक समावेशीकरणका विषय मूलप्रबाहीकरण प्रति उत्तरदायी र संबेदनशिल हुन स्थानीय तहका जनप्रतिनिधी, कर्मचारीहरु र संघसंस्था एबं सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

३.गाउँपालिकाअन्तर्गतका बिषयगत शाखा, समिति, उपसमिति तथा बिभिन्न इकाईहरु र सबै वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरु र जनप्रतिनिधीहरुलाई स्थानीय तहको स्रोत परिचालन, सेवा प्रबाह र लाभ वाँडफाँड गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने ।

४.महिला, दलीत, अपांग, जेष्ठनागरीक, बालबालिका, विपन्न तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील भई लैंगिक तथा सामाजिक समावेशीकरणका विषय मूलप्रबाहीकरण गर्ने स्थानीय तहका जनप्रतिनिधी, कर्मचारीहरु र संघसंस्था एबं सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

**लैससास रणनीतिको औचित्यता :**

क) लैससास रणनीतिले भूमे नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न गर्दै आएका सकारात्मक प्रयासलाई निरन्तरता दिदै लैससास उत्तरदायी बजेट तथा योजना र लैंससासमैत्री शासन प्रणालीलाई संस्थागत गर्न  र संरचनात्मक अवरोधहरू हटाउन र सुधारिएको जीविकोपार्जनको लागि स्रोतहरू व्यवस्थापनमा लक्षित वर्ग समुहको सहभागिता र लाभ बाँडफाँडलाई बढावा दिन मार्गनिर्देश गरेको छ ।

ख) लैससास रणनीतिले समाजमा बिद्यमान भईरहेका हिंसा तथा सामाजिक असमानता बिरुद्ध निरोधात्मक तथा नियमनकारी उपायहरु अवलम्बन गरी लैंगिक मूलप्रवाहिकरण र सामाजिक समावेशीकरण सहितको समाज निर्माण तर्फ अग्रसर हुन अभिप्रेरीत गरेको छ ।

ग) लैससास रणनीतिले बिशेष गरी लक्षित वर्गहरुको शशक्तिकरण गर्दै हरेक क्षेत्रमा उनीहरुको अर्थपुर्ण सहभागिता सबै क्षेत्रमा अवसर, पहुच र लाभ सुनिश्चितता गर्नेको लागि मार्ग प्रसस्त गर्दछ ।

## लैंससास रणनीतिको मुल्य मान्यताहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गरि लैंगिक सवेदनशिल शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको विकासको लागि सहभागितामूलक विकासको अभ्यास र सामाजिक वहसको प्रक्रियाबाट लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाललाई सम्बोधन गर्न सकिने भएकोले लैससास रणनितिको आवश्यकता छ।

## ३.२ रणनीति र कार्यनिति

**४.२. लैससास सम्बन्धी प्रमुख रणनीति तथा कार्यनीतिहरु र कार्यक्रम :**

## रणनीति नं १.

**स्थानीय तहको नीति, कार्यक्रम र योजनामा लैंगिक समानता तथा सामाजिक समावेशी पद्धतिको बिकास र लैंगिक संबेदनशिल कार्यप्रणाली अवलम्बन ।**

कार्यनीति (रणनीति नं १.सग सम्बन्धित)

**१.स्थानीय शासनसँग सम्बन्धित विभिन्न नीति तथा योजनाहरूको लैससासको दृष्टिकोणबाट पुनरावलोकन गरी समग्र विकासमा जोड दिने ।**

१.१ गाउँपालिकाको आवधिक, विषयगत एबं बार्षिक योजना, गुरुयोजना र विद्यामान नीति तथा कार्यक्रम, निर्देशिका र कार्यविधिहरुमा भएका लैगिक बिभेद तथा असमानताहरु पहिचान एवं विश्लेषण गरी लैंगिक तथा समावेशी प्रक्रियाबाट परिमार्जन र संशोधन गर्ने ।
१.२. महिला, किशोरी तथा बालिकाको सामाजिक, आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्नु

१.३.लैंगिक तथा सामाजिक समावेशीकरण नीति र यसले निर्दिष्ट गरेका रणनीतिहरु कार्यान्वयन गर्न आवश्यक निर्देशिका एवम् कार्ययोजना निर्माण गरी लागु गर्ने ।

१.४.लैंगिक भेदभाव, हिंसा र शोषणको अन्त्य गरी समानता र लैंगिक मूल्य मान्यतामा आधारित समाज स्थापित गर्ने

१.५.स्थानीय तहमा परिचालीत संघसंस्था र सरोकारवाला निकायहरुलाई समेत लैंगिक तथा सामाजिक समाबेशी रणनीतिले निर्दिष्ट गरेका मार्गदर्शनहरुको बारेमा अभिमुखिकरण गराई सोही अनुरुप कार्यक्रम कार्यान्वयन गर्न निर्देशन गर्ने ।

१.६. महिला, किशोरी तथा बालिकाको सामाजिक, आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्नु

१.७.महिला, बालबालिका, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरीक, विपन्न एंव पिछडिएका वर्ग तथा समुदायको आर्थिक सामाजिक सशक्तिकरण गर्ने ।

**रणनीति नं २.**

**लैगिक उत्तरदायी शासन पद्धती अवलम्बन गर्ने । (उद्धेश्य २ सग** सम्बन्धित)

कार्यनीति (रणनीति नं २. सँग सम्बन्धित)

**२.१) लैगिक उतरदायी शासन पद्धती अवलम्बन गर्ने ।**

२.१) गाउँपालिकामा लैससास इकाई/शाखा स्थापना गर्ने र कार्यान्वयनका लागि लैंगिक सम्पर्क व्यक्ति तोक्ने

२.२) गाउँपालिकास्तरको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यान्वयन समिति गठन गरी परिचालन गर्ने ।

२.३) गाउँपालिकामा गठन गरिने बिभिन्न समिति तथा उपसमितिहरुमा नेपाल सरकारको नीति अनुरुप लैंगिक तथा समाबेशी सहभागिता सुनिश्चित गर्ने ।

२.४) गाउँपालिका सबै संयन्त्रहरु र यस क्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थाहरुमा लैंगिकमैत्री शौचालय, स्तनपान कक्ष, गुनासो सुनुवाइ संयन्त्रको ब्यबस्था सुनिश्चित गर्ने ।

२.५) गाउँपालिका र उक्त क्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एवं निजी क्षेत्रबाट संचालीत योजना तथा कार्यक्रमको लैंगिक तथा सामाजिक समाबेशी परीक्षण गर्ने,

२.६) गाउँ क्षेत्रमा निर्माण उपभोक्ता समितिमा समाबेशी सहभागिता सुनिश्चित गराउनुका साथै समूहमा नयाँ सदस्यको प्रवेश प्रक्रिया सरल र सहज बनाउने ।

२.७) स्थानीय सरकारबाट गरिने सेवा प्रबाह प्रक्रियामा लैंगिक सम्बेदनशिल कार्य प्रणाली अवलम्वन गर्ने ।

२.८) स्थानीय स्रोतको बिनियोजना तथा सेवा प्रवाह प्रक्रियालाई लैंगिक तथा सामाजिक समावेशी उत्तरदायी तथा जवाफदेही बनाउने ।

२.९) स्थानीयस्तरको निर्णायक तहमा लैंगिक तथा सामाजिक समाबेशी सहभागिता सुनिश्चित गर्ने, गराउने ।

**रणनीति नं ३.**

**लैंगिक तथा सामाजिक समावेशीकरण संबेदनशिल बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन**

कार्यनीति (रणनीति नं ३.सँग सम्बन्धित)

**३.१) स्थानीय तहका महिला, अपांग, दलित, जेष्ठ नागरीक, बालबालिका बिपन्न लगायत बञ्चित बर्गहरुको उत्थान सम्बन्धी कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने ।**

३.२) समुदायस्तरमा सम्पन्नता स्तरीकरण, सामाजिक विश्लेषण, सेवा तथा सुविधा नक्साङ्कन जस्ता आधारभुत सर्बेक्षण गरी तदनुरुप सबै पक्षलाई समेट्ने गरी जिविकोपार्जन र सशक्तिकरणका कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

३.३) आम महिलाहरुमा जनचेतना तथा क्षमता बिकासका लागि प्रजनन् स्वास्थ्य, यौन रोग तथा एच.आई.भिं एड्स, एकल महिला अधिकार, किशोर किशोरी शिक्षा, कानुनी शिक्षा, लैंगिक हिंसा न्यूनिकरण, महिला सशक्तिकरणका कार्यक्रम संचालन गर्ने ।

३.४) महिला उत्थान कार्यक्रम अन्तर्गत महिलालाई प्रत्यक्ष फाइदा पुग्ने गरी रकम बिनियोजीत गरी प्राविधिक जनशक्ति तयार, आय आर्जन, उद्यमशिलता बिकास तथा सिपमुलक विषयहरुलाई प्राथमिकता दिने ।

३.५)लक्षित वर्गहरुको उत्थान क्षेत्रमा बस्तीस्तरबाट योजना तथा कार्यक्रम माग गरी प्रभाबकारी कार्यान्वयनका लागि वडा तहमा गठन भएको महिला, बालबालिका, दलित, जनजाति, अपांग जेष्ठ नागरीकको आ-आफ्नो सञ्जाल परिचालनका लागि बजेट बिनियोजन गर्ने ।

३.६) महिला, एकल महिला, अपांग, जेष्ठनागरीक, गरिब, दलित एंव वञ्चित वर्ग प्रति सकरात्मक विभेद हुने किसिमका कार्यक्रम सञ्चालन गर्ने ।

३.७) गाउँपालिकालगायत यस क्षेत्रमा काम गर्ने सम्पूर्ण सेवा प्रदायक संयन्त्रहरुलाई लैंगिक तथा सामाजिक उत्तरदायी बनाउन साथै लैंगिक एबं सामाजिक समबेशी हिसावले संवेदनशील कार्यक्रम तथा बजेट निर्माण र अनुगमन प्रणालीको संस्थागत बिकास गर्ने ।

३.८) स्थानीय स्रोतहरुको न्यायोचित बितरण एवम् उपयुक्त रुपमा वित्तीय स्रोत तथा सेवा प्रबाह र फाइदाहरुमा पहुँच वृद्धि र उपयोग सम्बन्धी अधिकार सुनिश्चित गर्ने ।

३.९) स्थानीय तहका योजना तथा कार्यक्रमहरु र सेवा प्रबाह प्रक्रियाको अनुगमनका लागि सूचना संकलन र विश्लेषण गर्न निश्चित कार्यक्रम र बजेटको व्यवस्था गर्ने ।

३.१०) स्थानीय स्रोतहरुको न्यायोचित बितरण एवम् उपयुक्त रुपमा वित्तीय स्रोत तथा सेवा प्रबाह र फाइदाहरुमा पहुँच वृद्धि र उपयोग सम्बन्धी अधिकार सुनिश्चित गर्ने ।

**रणनीति नं ४.**

**नेपाल सरकारले लैंगिक समानता तथा सामाजिक समाबेशी बिकाका लागि जारी गरेका राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रतिबद्धतहरुको कार्यान्वयन**

कार्यनीति (रणनीति नं ४.सग सम्बन्धित)

**४.१) लैंगिक हिंसा तथा यौनजन्य दुर्व्यबहार बिरुद्ध शुन्य सहनशिलता कायम गर्दै हिंसा मुक्त समाज निर्माण तर्फ अग्रसर रहने ।**

४.१.) नेपाल सरकारले प्रतिवद्धता जनाएका महिला, बालबालिका र मानवअधिकार सम्वन्धि अन्तर्राष्ट्रिय कानुन, सन्धी, महासन्धी र सम्झौताहरुको वारेमा स्थानीय तहका जनप्रतिनिधी लगायत कर्मचारीहरुमा व्यापक जानकारी गराउने ।

४.२) महिला, बालबालिका र मानवअधिकार सम्बन्धी निर्माण गरिएका राष्ट्रिय कानुनहरु र नेपाल सरकारद्धारा बिभिन्न समयमा गरिएका मानवअधिकार लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरुका बारेमा वडा तथा समुदाय तहमा व्यापक जानकारीको लागि सचेतनामुखि अभियानका कार्यक्रमहरु संचालन गर्ने ।

४.३) गाउँपालिकाको वडा तहसम्म लैससास र अन्तराष्ट्रिय प्रतिबद्धता अनुरुप स्थानीय तहमा बिभिन्न सीप तथा क्षमता बिकासका कार्यक्रम कार्यान्वयन गर्ने ।

४.४) लैंगिक हिंसामुक्त वडाहरु र वस्ती घोषणा गर्नका लागि गाउँपालिकाले दिर्घकालिन कार्ययोजना बनाई प्रतिबद्धताका साथ सबै सरोकारवालाहरुसंगको सहकार्यमा वडा तथा समुदाय तहमा ब्यापक अभियान संचालन गर्ने ।

४.५) कार्यस्थलमा हुने यौनजन्य दुर्ब्यबहार भएका प्राबधानहरुको बारेमा सबै तहमा ब्यापक जानकारी गराई यौनजन्य दुरब्यबहार बिरुद्ध सुन्य सहनशिलता अपनाउन प्रेरीत गर्ने ।

४.६) समाजमा बिद्यमान गलत सामाजिक अभ्यास तथा सामाजिक बिभेदको अन्त्य, महिलाहरुको श्रमको उचीत मुल्यांकन र दिगो बिकास प्रक्रियालाई संस्थागत गर्ने ।

### ३.३ प्रस्तावित लैससास मूलप्रवाहीकरण रणनितिको कार्यन्वयनको लागि ५ वर्ष कार्ययोजना

| उदेश्यहरु | कार्यक्रमहरु | जिम्मेबार निकाय | समय अवधि | लक्षित वर्ग /समुह |
|---|---|---|---|---|
| **उदेश्य** १.<br>समृद्ध भूमे निर्माणको लागि लक्षित वर्गलाई समान पहुँच, राजनैतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक रुपमा शसक्त हिंसा निवारण गर्दै कुरीति तथा कुप्रथाको अन्त्य गर्ने । | १.लैससाससंग सम्बन्धित सम्पूर्ण तथ्याङ्कहरुलाई खण्डिकृत रुपमा अभिलेखिकरण गर्ने ।<br><br>२. गापा भित्रका सबै वडाको लैससास सम्बन्धि सबै वडाको पार्श्वचित्र बनाउने ।<br><br>३.गाउँपालिकाको आबधिक, विषयगत एबं बार्षिक योजना, गुरुयोजना र विद्यामान नीति तथा कार्यक्रम, निर्देशिका र कार्यविधिहरुमा भएका लैंगिक बिभेद तथा असमानताहरु पहिचान एबं विश्लेषण गरी लैंगिक तथा समावेशी प्रक्रियाबाट परिमार्जन र संशोधन गर्ने ।<br><br>४.लैंगिक तथा सामाजिक समावेशीकरण नीति बनाउने र यसले निर्दिष्ट गरेका रणनीतिहरु कार्यान्वयन गर्न आवश्यक निर्देशिका एबं कार्ययोजना निर्माण गरी लागु गर्ने ।<br><br>५.स्थानीय सरकारले वडा तहसम्म लैंगिक समानता तथा सामाजिक समाबेशी रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट कार्यनिर्देशिका निमार्ण गर्ने ।<br><br>६. बार्षिक योजना तर्जुमाको चरणमा सम्बोधन प्रक्रिया सुनिश्चित गर्नका लागि स्थानीय सवाल तथा समस्याहरुलाई नियमित अद्यावधिक गरिनेछ ।<br><br>७) टोल, बस्ती हुँदै वडाहरुमा योजना तर्जुमाका चरणहरुमा महिला सहभागिता र सामाजिक रुपले बञ्चितिकरणमा परेकाहरुको समानुपातिक सहभागिता सुनिश्चित गरिनेछ । | गाउँपालिकाको, वडा कार्यालय | १-३ बर्ष | १.लक्षित वर्ग /समुह(खण्डीकृत तथ्याङ्क सकंलन<br><br>२. सबै वडाको पार्श्वचित्र तयार<br><br>३. नीति, रणनीतिहरु कार्यविधि कार्यान्वयन निर्देशिका लक्षित वर्ग/समुहका लागि ।<br><br>३.लक्षित वर्ग/समुह<br><br>४. लक्षित वर्ग/समुह विशेष गरी महिला, एकल महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, विपन्न तथा बञ्चितीकरणमा परेका समूहका<br><br>५.स्पष्ट कार्यनिर्देशिका<br>६. खोज तथा अनुसन्धान गरि लक्षित वर्ग/समुह सवाल तथा समस्या पहिचान गर्ने।<br><br>७. लैससास आचार सहिंताको निर्माण<br><br>८. नेपालको संविधान लगायत |

| | | | | |
|---|---|---|---|---|
| | ८.लक्षित वर्ग/समुह तहमा क्षमता विकास र सचेतिकरणका अभियान संचालन गर्ने ।<br><br>९. सबै नीतिहरूमा  अपाङ्गता भएका व्यक्तिहरूका आयामलाई प्रणालीगत रुपमा समाबेश गर्ने ।<br><br>१०. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धि मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गर्ने ।<br><br>११. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद रहिंसाका घटनाहरूसँग सम्वन्धित उजुरी दर्ता किताब र यस सम्वन्धि गापाको नीति, रणनिति तथा कार्यविधिहरु निमार्ण ।<br><br>१२.बैदेशिक रोजगारीमा गएका, यौनजन्य हिंसा वा जोखिममा पेरका महिला श्रमिकको पुनस्थापना र संरक्षण तथा पुनस्थापना सम्बन्धी कार्यक्रम संचालन गर्ने ।<br><br>१३. गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु  लाई प्राथमिकीकरण गर्ने | | | राष्ट्रिय र अन्तराष्ट्रिय कानुनद्वारा प्रदान गरिएको लैंगिक समानता र समावेशी बारे<br><br>९. अपाङ्गता भएका व्यक्तिहरूको<br><br>१०.  लक्षित वर्ग/समुह<br><br>**११.** गापाको नीति,रणनिति तथा कार्यविधिहरु निमार्ण<br><br>१२. बैदेशिक रोजगारीमा गएका वर्ग<br><br>१३. प्रमुख सवालहरु प्रथामिकीकरण प्रमाणिकरण कार्य विधि । |
| **उदेश्य २.**<br>गाउँपालिकाका हरेक योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनहरुमा संवेदनशील भई लैंगिक तथा सामाजिक समावेशीकरणका विषय मूलप्रबाहीकरण प्रति | १.  गाउँपालिका लगायत वडा तहसम्म लैससासका विषय जानकारी गराई प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरीत गरिने ।<br><br>२. गाउँपालिकामा गठन गरिने बिभिन्न समिति तथा उप-समितिहरुमा नेपाल सरकारको नीति अनुरुप लैङ्गिक तथा समावेशी सहभागिता सुनिश्चित गर्ने ।<br><br>३. लैङ्गिक हिँसा बिरुद्ध सुन्य सहनशिलता अपनाउन गाउँपालिकाको दिर्घकालीन कार्ययोजना र आचारसंहिता बनाई लागु गर्ने । | गाउँपालिकाको | १-५ बर्ष | १. महिला, बालबालिका, अपांगता र मानव अधिकार लगायतका क्षेत्रमा नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धी, महासन्धी र घोषणापत्रमा भएका प्रावधानहरुको बारेमा सबै निकायहरुमा<br><br>२.लक्षितवर्ग/समुह |

| | | | | |
|---|---|---|---|---|
| उत्तरदायी र संबेदनशिल हुन स्थानीय तहका जनप्रतिनिधी, कर्मचारीहरु र संघसंस्था एवं सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने । | ५. उपभोक्ता समितिको मुख्य निर्णायक पदहरुमा क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थालाई अनिवार्य बनाई प्रभावकारी कार्यान्वयन गरिने छ ।<br><br>६. जनचतेनामूलक क्रियाकलाप तथा अभियानहरू सञ्चालन गर्ने।<br><br>७. बिपन्न बर्गका महिलाको कार्यबोझ घटाउने किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने ।<br><br>८. लक्षित वर्ग समुहहरूको लागि समूह निर्माण र सबलीकरण, लघु-उद्यम विकास योजना, होटेल ब्यबस्थापन, कम्प्युटर तथा मोबाइल मर्मत आदि कार्यक्रम सचालन गर्ने।<br><br>९. कृषिमा आधारित सीपमूलक तालिम तथा सीप विकास गर्ने विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।<br><br>८.गाउँपालिकाको तहमा गठन भएका लक्षीत व्यक्ति, समुदायका सञ्जाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गराउने ।<br><br>९. बैक, सहकारी र फाइनान्स कम्पनी जस्ता संस्थाबाट लक्षित वर्ग/समुहका व्यक्तिहरूलाई सामाजिक उतरदायि बजेट लगानी गरी आयआर्जनको व्यवस्था मिलाउने । | | | ३.लक्षित वर्ग/समुह<br><br>५.महिला दलित तथा अन्य सीमान्तकृत समुहहरूबाट<br><br>६.समाजमा रहेको विभेदकारी सामाजिक मूल्य-मान्यता र व्यवहारहरूलाई परिवर्तन गर्ने खालका<br><br>७. खाने पानी,वैकल्पिक उर्जा, सौर्य उर्जा, सुधारिएको चुलो , गोबर ग्यास, खाद्य प्रशोधन आदि<br><br>८. बिपन्न तथा एकल महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ट नागरिक, यौनिक अल्पसंख्यक तथा सीमान्तकृत समुहहरू<br><br>९.बिपन्न तथा एकल महिला र अन्य सीमान्तकृत समुहहरूको आय बृद्दि गर्न प्रत्यक्ष सघाउ पुग्ने किसिमका तालिम तथा सीपहरू |
| उदेश्य.३ गाउँपालिका अन्तर्गतका बिषयगत | १.गाउँपालिकाको लैससास इकाई/शाखा स्थापना गर्ने ।<br><br>२. अनुगमन संयन्त्र (संजाल) कार्यविधि निमार्ण हुनेछ। | | | १.लैससास इकाई /शाखा स्थापना भएको |

| | | | | |
|---|---|---|---|---|
| शाखा, समिति, उपसमिति तथा बिभिन्न इकाईहरु र सबै वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरु र जनप्रतिनिधीहरुलाई स्थानीय तहको स्रोत परिचालन, सेवा प्रबाह र लाभ बाँडफाँड गर्दा लैंङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने | ३. गाउँपालिकाको लैससास इकाई/शाखामा काम गर्नका लागि लैससास सम्पर्क व्यक्ति नियुक्त गर्ने ।<br><br>४.महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई ब्यबस्थीत बनाई परिचालन गर्ने ।<br><br>५. आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको आर्थिक तथा सामाजिक उत्थानमा लगानी गर्ने ।<br><br>६.गाउँपालिकावाट बिनियोजित स्रोत र सेवा प्राप्तीमा लक्षित वर्ग/समुहको पहुँच बृद्धि साथै उनीहरुको सशक्तिकरण र परम्परागत मूल्य मान्यतामा सकारात्मक परिवर्तन ल्याउने किसिमको कार्यक्रम गर्ने । | | | २ अनुगमन संयन्त्र (संजाल) नामावली, कार्यविधि आदि<br><br>३.लैससास सम्पर्क व्यक्ति नियूक्त प्रत्रको प्रतिलिपि ।<br><br>४.महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई ब्यबस्थीत कार्यविधि प्रतिलिपि।<br><br>५.महिला, दलित, बिपन्न तथा एकल महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य<br>६. महिला, दलित, विपन्न एवं वञ्चित वर्गको |
| **उदेश्य ४.**<br><br>महिला, दलीत, अपांग, जेष्ठ नागरीक, बालबालिका, विपन्न तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील भई लैंगिक तथा सामाजिक समावेशीकरणका विषय मूलप्रबाहीकरण गर्ने | १. अनुगमन प्रणालीको संस्थागत बिकास गर्ने ।<br><br>२.गाउँपालिकाको संयन्त्र र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा लैंगिकमैत्री शौचालय व्यवस्था सुनिश्चित गर्ने ।<br>३.गाउँपालिका र सबै वडा कार्यलयहरूमा महिलाको विशेष अवस्थालाई सम्वोधन गर्ने यवस्था मिलाउने ।<br><br>४.गाउँपालिकाक्षेत्रभित्र रहेका लक्षित वर्ग/समुहलाई लक्षीत गर्दै कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता बिकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने ।<br><br>५.स्थानीय स्रोत तथा कृषि र पशुपालन सम्बन्धी योजना तर्जुमा र बजेट बिनियोजन गरी रोजगारीका अवसर सृजना गर्ने । | | | १. गाउँपालिका लगायत यस क्षेत्रमा काम गर्ने सम्पूर्ण सेवा प्रदायक संयन्त्रहरुलाई लैंगिक तथा सामाजिक उत्तरदायी बनाउन साथै लैंगिक एबं सामाजिक समबेशी हिसावले संवेदनशील कार्यक्रम तथा बजेट निर्माण र कार्यन्यपन प्रभावकारीताको लागि अनुगमन संयन्त्र (संजाल) बनेका ।<br><br>२.सबै पूर्वाधार तथा सामाजिक संरचनालाई लैससास मैत्रि बनेका । |

| | | | | |
|---|---|---|---|---|
| स्थानीय तहका जनप्रतिनिधी, कर्मचारीहरु र संघसंस्था एबं सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने । | ६.जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने ।<br><br>७. आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गर्ने ।<br><br>८.सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।<br><br>९.प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत व्यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने ।<br><br>१०.लैङ्गिक विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति हुनेछ। अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ । | | | ३.स्तनपान कक्ष, शिशु स्याहार कक्ष आदिको<br><br>४. महिला, एकल महिला, हिंसा पिडित, अपांग, बिपन्न लगायत वञ्चित व्यक्ति, समुदाय<br><br>५. आदिवासी जनजाति तथा दलित बर्गका<br><br>६. विपन्न एबं बञ्चित व्यक्ति, समुदायका<br>७. लक्षित वर्ग/समुह<br><br>८. बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायका<br>९. लक्षित वर्ग/समुह<br><br>१०. अनुगमन प्रतिवेदन आदि |

### ३.४. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयन पद्धती

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र गाउँपालिकाको शासन पद्धती, सेवा प्रवाह र कार्यप्रणालीलाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन सकिन्छ । गाउँपालिका जनप्रतिनिधी र कार्यरत सबै कर्मचारीलाई लैससास रणनीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र क्रियाशिल सबै निकायहरुहरुको लैससासको क्षेत्रमा गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला बिच नियमित समन्वय तथा साझेदारी गरिनेछ । गाउँपालिकाामा क्रियाशिल सबै संयन्त्र लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, विकास साझेदार निकाय र निजीक्षेत्र समेतलाई लैससास रणनीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ । त्यसैगरी लैससास रणनीतिको प्रभाबकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण तथा परिचालन र परिचालीत मानव स्रोतको क्षमता बिकास गरिनेछ ।

### ३.४.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन :

लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिका भित्रका भौतिक संरचना लगायत संस्थागत संयन्त्रको सुधार गरी लैससासमैत्री बनाइनेछ । सामुदायिक विकास कार्यक्रममा समानुपातिक सहभागिता र समावेशीकरण प्रक्रियालाई प्रभावकारी बनाइनेछ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्र स्थापना र व्यवस्थापन गरी परिचालन गरिनेछ ।

क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ ।

ख) गाउँपालिकाकास्तरीय अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गर्ने ।

ग) लैंससास सम्पर्क व्यक्ति (GESI Focal Person) नियुक्त गरी कार्यविवरण तोकी परिचालन गर्ने ।

घ) महिला कर्मचारीहरु र महिला सेवाग्राहीलाई सहजताका लागि लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था गर्ने ।

ङ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका बिभेद निवारणका लागि गुनासो सुनुवाई संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

च) न्यायिक समितिलाई थप क्रियाशिल बनाई लैंससासमैत्री न्याय सम्पादन प्रणालीको विकास गर्ने ।

छ) स्थानीय समुदायको समानुपातिक सहभागितामा टोल समिति गठन गरी योजना तर्जुमा प्रक्रिया र सामुदायिक विकास कार्यमा क्रियाशिल बनाउने ।

ज) सुचना शाखाको प्रभावकारी ब्यबस्थापन गरी खडिकृत बिद्युतिय सुचना प्रणालीलाई ब्यबस्थीत र क्रियाशिल बनाउने ।

झ) गाउँपालिका लगायत सबै सार्बजनिक निकायमा लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रबाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।

ञ) हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाहरुको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, जोखिममा रहेका तथा बिशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरीक र बालबालिकाको लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने ।

### ३.४.२. गाउँपालिकाको लगायत सरोकारवालाहरुको कार्य भूमिका निर्धारण

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका लगायत यस क्षेत्रभित्रका सबै सरोकारवाला निकायले दायीत्वबोध गर्नु जरुरी छ । लैससास रणनीतिले भूमे गाउँपालिकालगायत यस क्षेत्रभित्र क्रियाशिल विभिन्न निकाय वा सरोकारवालाले लैससासको क्षेत्रमा अवलम्वन गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी जिम्मेवारी तोकिएको छ । लैससास रणनीतिमा तोकिएको कार्यभूमिका प्रभावकारी कार्यान्वयन गर्न लैससास शाखाबाट नियमित समन्वय र सहकार्य गर्नुका साथै कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन समेत गरिने छ । लैससास रणनीतिमा निर्दिष्ट कार्यभूमिका निम्न बमोजिम उल्लेख गरिएको छ ।

| जिम्मेवार निकायहरु | कार्यभूमिका |
|---|---|
| भूमे नगरपालिका | ▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई लागु गर्ने<br>▪ लैंससास उत्तरदायी योजना तर्जुमा तथा बजेट बिनियोजन प्रणालीलाई अनिवार्य तथा संस्थागत गर्ने ।<br>▪ गाउँपालिकाको समग्र विकास प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी मूलप्रवाहीकरण सुनिश्चितताका लागि नीति, रणनिति तथा कानुनको समिक्षा वा पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>▪ लैससास परिक्षण तथा अनुगमन प्रणालीलाई व्यवस्थित र नियमित गर्ने ।<br>▪ वडा तथा टोलबस्तीबाट योजना तर्जुमा प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने,<br>▪ गाउँपालिका लगायत गाउँपालिका क्षेत्रमा परिचालीत सबै निकायबाट उपलब्ध गराइने सेवा सुविधा र लाभ वितरणमा लैंगिक तथा सामाजिक समावेशी पहुँच बृद्धिका लागि स्पष्ट निर्देशन दिने,<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशी शाखा वा इकाई स्थापना गरी लैंगिक अवधारणा सम्बन्धी क्षमता विकासका कार्यक्रम तय गरी संचालन गर्न जिम्मेवारी तोक्ने ।<br>▪ लैंससास सम्पर्क व्यक्ति नियुक्त गरी निजको कार्य भूमिका तोक्ने ।<br>▪ गाउँपालिकालगायत सबै सार्बजनिक निकायमा लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रबाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।<br>▪ हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, बिशेष संरक्षणको आबश्यकता भएका जेष्ठ नागरीकहरुको लागि दिवा सेवा केन्द्र र जोखिममा रहेका र बिशेष स्याहारको आबश्यकता भएका बालबालिकाको लागि बैकल्पीक हेरचाहको व्यबस्था |

| | |
|---|---|
| | सुनिश्चित गर्ने ।<br>▪ स्थानीय महिला, एकल महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, अपांगता भएका व्यक्ति लगायत पछाडि पारिएका व्यक्ति, समुदायको सञ्जाल गठन गरी सेवा प्रबाह र लाभमा पहुँच बृद्धिका लागि परिचालन गर्ने ।<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत र कानुनी उपयोगिता र प्रभाकारिता मूल्यांङ्कन गर्ने ।<br>▪ स्थानीय आबश्यकता अनुसार नीतिगत मापदण्ड बनाई लागु गर्ने, गराउने । |
| वडा कार्यालय | ▪ गाउँपालिकामा जारी गरिएका नीति, रणनिति तथा कानुन र निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>▪ टोलबस्ती हुदै वडामा लैससास उत्तरदायी योजना तथा बजेट निर्माण प्रति संवेदनशिलता अपनाउने ।<br>▪ समुदाय तथा वस्ती तहको योजना तर्जुमा प्रक्रियामा महिला, दलित, जनजाती, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, अपांग, जेष्ठ नागरीक लगायत विपन्न र बञ्चित बर्ग तथा समुदायको सहभागिता सुनिश्चित गर्ने,<br>▪ सार्वजनिक स्रोत तथा सेवा प्रबाह र लाभमा लैंगिक तथा समावेशी पहुँच सुनिश्चित हुने गरी न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।<br>▪ योजना तथा कार्यक्रम कार्यान्वयन प्रणाली समावेशी र सहभागितामूलक बनाउन समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने ।<br>▪ वडा तथा समुदाय तहमा खण्डिकृत तथ्याङ्क संकलन र बिश्लेषण गरी गाउँपालिकाका सुचना शाखामा अद्यावधिक गर्न सहयोग गर्ने । |
| लैंगिक समानता तथा सामाजिक समावेशी शाखा | ▪ गाउँपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्रियाकलापको मूलप्रवाहीकरण सम्बन्धमा नीति, रणनिति तथा कानुन पुनरावलोकन गर्न गाउँ कार्यपालिकालाई प्राविधिक सहयोग प्रदान गर्ने ।<br>▪ विभिन्न विषयगत शाखा बीच समन्वय गरी गाउँपालिकाको खण्डीकृत तथ्याङ्क र विश्लेषण गरिएका सूचना अनुरुप नियमित योजना तथा कार्यक्रममा लैंगिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चित गर्न सहजीकरण तथा अभिप्रेरीत गर्ने ।<br>▪ योजना, कार्यक्रम तथा बजेट लैससास मैत्री भए नभएको एकिन गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सूचकहरु समावेश हुनेगरी खण्डीकृत ढाँचा तयार गरी अनुगमन तथा निर्देशन समितिलाई उपलब्ध गराउने ।<br>▪ क्षमता विकास कार्यक्रम संचालन गरी लैंगिक सवेदनशिल कार्य प्रणाली र कार्य प्रक्रिया अवलम्वन गर्न सहयोग गर्ने ।<br>▪ लैंगिक सम्पर्क व्यक्ति मार्फत शाखामा आएका लैंगिक तथा समावेशी सवाल सम्बन्धी गुनासा एबं उजुरी सम्बोधनका लागि गाउँ कार्यपालिकासंग समन्वय |

| | |
|---|---|
| | गर्ने ।<br>▪ गाउँपालिकाकोसूचना शाखासँग नियमित समन्वय गरी खण्डीकृत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्न सहजीकरण एवं सहयोग गर्ने ।<br>▪ गाउँपालिकालाई लैंगिक हिंसामुक्त बनाउन र कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार बिरुद्ध सुन्य सहनशिलता अभिबृद्धि गर्न आवश्यक कार्ययोजना निर्माण गरी लागु गर्न पहल तथा वकालत गर्ने ।<br>▪ लैससासको मूलप्रवाहीकरणका लागि उपयोगी विधि एवम् प्रक्रियाको पहिचान गर्न विकास साझेदारसंग समन्वय गर्ने ।<br>▪ गाउँपालिकाकोलैंगिक उत्तरदायी योजना तथा बजेट निर्माण र वार्षिक रूपमा लैंङ्गिक समानता तथा सामाजिक समावेशी बजेट परीक्षण गर्न सहजीकरण गर्ने ।<br>▪ गाउँपालिकाकोवार्षिक योजना, कार्यक्रम, बजेट बाँडफाँड तथा खर्चको लैससास दृष्टिकोणले लेखाजोखा गरी लाभ विश्लेषण गर्ने ।<br>▪ महिला, दलित, अपांग, जेष्ठ नागरीक आदिवासी जनजाति लगायतका समुदायहरुको बिभिन्न सञ्जालहरु गठन सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।<br>▪ लक्षीत व्यक्ति, समुदायको उत्थानका लागि गठन भएका सञ्जालको क्षमता विकास गरी योजना तर्जुमा लगायत विकास निर्माणका कार्यमा क्रियाशिल बनाउने ।<br>▪ लैंगिक तथा घरेलु हिंसा पिडित महिला, किशोरी तथा बालिकाको संरक्षणका लागि अल्पकालीन संरक्षण केन्द्रको व्यवस्थापन र परिचालन गर्न पहल तथा समन्वय गर्ने । |
| लैंगिक सम्पर्क व्यक्ति | ▪ महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखाकाको मातहतमा रही तोकिए बमोजिम कार्य गर्ने,<br>▪ गाउँपालिकाको सञ्चालित कार्यक्रममा सरोकारवाला समुदाय तथा लक्षीत समुहका गुनासो सुन्ने र सम्बोधनका लागि सम्बन्धित शाखा र  गाउँकार्यपालिका समक्ष जानकारी गराउने ।<br>▪ गाउँपालिकामा लैससास उत्तरदायी बजेट बिनियोजन र योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न विषयगत शाखा, वडा तथा टोलबस्तीसंग समन्वय एवं सहजीकरण गर्ने ।<br>▪ कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार र सबै प्रकारका बिभेदहरु बिरुद्ध शुन्य सहनशिलता बृद्धि गर्न गाउँपालिका क्षेत्र भित्रका सबै निकाय वीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।<br>▪ लैससास सम्बन्धी आएका गुनासो वा उजुरीहरु दर्ता गरी सम्बोधनका लागि |

| | |
|---|---|
| | लैससास शाखामा जानकारी गराउने ।<br>▪ समुदायमा बिद्यमान लैंगिक तथा घरेलु हिंसा, सामाजिक असमानता, हानीकारक मुल्य मान्यता र गलत सामाजिक अभ्यास बिरुद्ध अभियान संचालन गर्न सरोकारवाला निकाय समक्ष समन्वय गर्ने ।<br>▪ लैंगिक हिंसा तथा घरेलु हिंसा बिरुद्ध वकालत तथा प्रतिकार क्षमता अभिबृद्धि गरी शुन्य सहनशिलता कायम गर्न आवश्यक कार्यक्रम तथा बजेट बिनियोजन गर्न टोलबस्ती तथा बडाहरु र गाउँपालिकामा सहजीकरण गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीलाई लैंससासमैत्री कार्य व्यवहार र संवेदनशिलता अभिबृद्धि गर्न लैससास अवधारण स्पष्ट पार्न तालिम तथा अभिमूखिकरण सम्बन्धी कार्यक्रम माग गर्ने ।<br>▪ सुचना शाखासंग निकटतम सम्बन्ध एवं समन्वय बिस्तर गरी गाउँपालिकाको खण्डिकृत तथ्यांक संकलन, विश्लेषण र अद्यावधिक गर्न सहयोग गर्ने ।<br>▪ गाउँपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीका लागि स्तनपान कक्ष, लैंगिकमैत्री शौंचालय निर्माण, अपांगमैत्री भौतीक पूर्वाधार, बालमैत्री संरचना निर्माणका लागि नियमित वकालत तथा पहल गर्ने ।<br>▪ गाउँपालिका अन्तर्गतका सबै कार्यस्थलमा सामान्यतः बोलीचालीको शब्द चयन वा भाषा प्रयोग गर्दा लैंससासमैत्री शब्दहरुको प्रयोग र व्यवहार अवलम्वन गर्न सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाइ अभिप्रेरित गर्ने । |
| अन्य विषयगत शाखा | ▪ गाउँपालिकाको समग्र विकास प्रक्रिया र लाभ प्राप्तीमा लैंगिक तथा समाबेशी पहुँच बृद्धि गर्न लैससास शाखा र सम्पर्क व्यक्तिसंग समन्वय कायम गर्ने ।<br>▪ विषयगत शाखाबाट गरिने योजना तर्जुमा, विकासका कार्य लगायत हरेक सेवा प्रवाहका विषयमा लक्षित बर्ग समुदायको सहभागिता र लाभ सुनिश्चितताका विषयमा संवेदनशिलता अपनाउने । |
| स्वास्थ्य शाखा | ▪ लैंगिक हिंसा पिडित तथा प्रभावितहरुको स्वास्थ्य सेवा प्रवाह कार्यमा लैंगिक संवेदनशिलता अपनाउन सहजीकरण गर्ने ।<br>▪ स्थानीय तहका सबै स्वास्थ्य कार्यालयलाई लैससासमैत्री सेवा प्रवाहका लागि आबश्यक निर्देशन गर्ने ।<br>▪ लैससासमैत्री सेवा प्रबाहका लागि आबश्यक संरचना तथा उपकरण ब्यबस्थापन सम्बन्धी योजना बनाई गाउँपालिका समक्ष माग गर्ने ।<br>▪ सुरक्षीत प्रजनन् सेवा प्रबाहका लागि आबश्यक संरचना लगायत सामाग्री ब्यबस्थापनका लागि योजना बनाई माग गर्ने ।<br>▪ महिला, बालबालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत वञ्चितीमा परेका व्यक्ति तथा समुदायलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा उपलब्ध भए नभएको अनुगमन गरी प्रभावकारी बनाउन आवश्यक निर्देशन गर्ने । |

| | |
|---|---|
| शिक्षा शाखा | ▪ अति बिपन्न तथा बिभिन्न जोखिमबाट पिडित वा प्रभावित र असाह्य बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आबश्यक शैक्षिक सामाग्री सहित बिद्यालय पोशाक र दिवा खाजाको ब्यबस्थापन गरी नियमित बिद्यालय आउने वातावरण सृजना गर्ने ।<br>▪ विद्यालयमा बालमैत्री वातावरणको सृजना गरी सबै बालबालिकाहरुलाई नियमित विद्यालय आउन आकर्षित गर्ने ।<br>▪ बालमैत्री शिक्षण सिकाई अवलम्वन गरी बालबालिकाले विभेद र शोषण रहित वातावरणमा पठन पाठन गर्न पाउने वातावरण सृजना गर्ने ।<br>▪ बिचमा बिद्यालय छोड्नो प्रबृति हटाउनका लागि अति गरिव, असाह्य, संरक्षक बिहिन बालबालिकालाई आबश्यक शैक्षिक सहयोग उपलब्ध गराउने ।<br>▪ विद्यालयका हरेक निर्णयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने ।<br>▪ विद्यालयमा बालक र बालिकाको लागि लैंगिकमैत्री सौचालय र बालमैत्री खानेपानी धारा तथा सौचालयको व्यवस्थापनका लागि योजना बनाई गाउँपालिकासमक्ष माग गर्ने । |
| स्थानीय प्रहरी कार्यालय | ▪ घरेलु हिंसा वा लैंगिक हिंसा बिरुद्ध अभियानहरुमा सरोकारवाला निकायसंग समन्वय र सहकार्य गर्ने ।<br>▪ प्रहरीमा उजुरी आएका घरेलु हिंसा तथा महिला वा बालिका बिरुद्ध हिंसा वा दुरब्यबहारको अनुसन्धान कार्य छीटो छरीतो र चुस्त दुरुस्त गर्ने ।<br>▪ बाल बिबाह, लागु औषध दुरर्ब्यसनी बिरुद्ध सचेतनामूलक अभियानमा सहभागि हुने ।<br>▪ अनुसन्धान प्रक्रियामा लैंगिकमैत्री ब्यबहार तथा बालमैत्री ब्यबहार अवलम्वन गर्ने ।<br>▪ अनुसन्धान प्रक्रियामा महिला, किशोरी र बालबालिकाको गोपनियतामा ध्यान दिने । |
| विकासका साझेदारहरु | ▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने ।<br>▪ महिला, दलित, अपांग जेष्ठ नागरीक, विपन्न लगायत पछाडी पारिएका बर्ग समुदायको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि गाउँपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>▪ विकासका साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रममा लैंगिक समानता र सामाजिक समावेशीकरणका सवाल सम्बोधन हुने गरी क्रियाकलाप तय गरी कार्यान्वयन गर्ने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका बिभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने । |

| | |
|---|---|
| गैरसरकारी संस्थाहरु | ▪ गाउँपालिकाबाट निर्माण गरी जारी गरिएका लैससासमैत्री नीति तथा कानुनको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>▪ महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।<br>▪ लैङ्गिक हिंसा, घरेलु हिंसा र बिभिन्न महामारी वा विपदबाट पिडित तथा प्रभावितलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।<br>▪ गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवाल सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।<br>▪ लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक बिभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| गाउँपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको संजालहरु<br><br>(महिला, एकल महिला सञ्जाल, जेष्ठ नागरीक सञ्जाल, अपांग संञ्जाल, दलित सञ्जाल, बाल सञ्जाल लगायत पिछडिएका वर्ग तथा समूहहरूको सञ्जाल) | ▪ लैंगिक बिभेद, सामाजिक असमानता, तथा हानीकारक र विभेदकारी सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध नियमित वकालत गर्ने साथै अभियानरुपि कार्यक्रम माग गर्ने ।<br>▪ लक्षीत बर्ग समुदायको खण्डिकृत तथ्यांक सहित उनीहरुका सवाल तथा समस्यारु पहिँचान गरी सम्बोधनका लागि वडा तथा गाउँपालिकालाई जानकारी गराई आवश्यकता अनुसार योजना तथा कार्यक्रम र बजेट माग गर्ने ।<br>▪ स्थानीय स्रोत तथा प्रतिफलको समानुपातिक पहुँच, न्यायिक वितरण र समावेशी सहभागिताको पक्षमा ंआवाज उठाउने ।<br>▪ समुदाय तहमा योजना तर्जुमाका क्रममा सक्रिय सहभागिता जनाई आर्थिक सामाजिक सशक्तिकरण र नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु माग गर्ने ।<br>▪ लैंगिक हिंसा पिडित महिला तथा बालिका, असाह्य एवं अपहेलीत जेष्ठनागरिकको संरक्षणका लागि बैकल्पीक हेरचाहको ब्यबस्था गर्न माग गर्ने ।<br>▪ सम्बन्धित वडा कार्यालय र लैससास शाखासंग नियमित समन्वय तथा सम्पर्कमा रही लैंगिकमैत्री, बालमैत्री तथा अपांगमैत्री संरचना निर्माणका लागि वकालत गर्ने । |
| निजी क्षेत्र (उद्योग बाणिज्य संघ, होटल ब्यबसायि संघ, यातायात ब्यबसायी संघ, विकास बैंक आदि) | ▪ निजी क्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवामा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीमा समेत सेवा बिस्तार गरी प्रभावकारी बनाउने ।<br>▪ महिला, बिपन्न तथा वञ्चित समूहको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>▪ वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीबाट उत्पादित बस्तुको बजारीकरणका लागि वडा तथा गाउँपालिकासंग समन्वय र सहयोग गर्ने । |

| | |
|---|---|
| | ▪ महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन सहज कर्जामा पहुँच बढाई प्रोत्साहान गर्ने ।<br>▪ गाउँपालिकासंग समन्वय गरी लक्षीत बर्ग उत्थान सम्बन्धी कार्यहरु संचालन गर्ने । |
| समुदाय | ▪ गाउँपालिकाको योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा नजिकको साझेदारको रूपमा क्रियाशिल रहने ।<br>▪ आफ्नो बस्ती तथा वडा तहका परिवारको खण्डीकृत सूचना तथा तथ्यांकहरू साथै विकास कार्यबाट भएको प्रगतिको अभिलेख राख्ने र आवश्यकता अनुसार सम्बन्धित वडा र गाउँपालिकामा सम्बोधनका लागि माग पेश गर्ने ।<br>▪ सामुदायिक विकाससंग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालबालिका, अपांग, जेष्ठनागरीक लगायत बिपन्न र पछाडी पारिएको बर्ग समुदायको सक्रिय सहभागिता सुनिश्चितता गर्न वकालत तथा नियमित समन्वय र साझेदारी गर्ने ।<br>▪ सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापको नियमित निगरानी गरी लैंससासमैत्री, बालमैत्री, अपांगमैत्री तथा समावेशी बनाउन सम्बन्धित शाखा तथा निकाय समक्ष वकालत तथा माग गर्ने ।<br>▪ महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका हानीकारक सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध आवाज उठाउने । स्थानीय तहमा सञ्चालित अभियानरुपी कार्यक्रमहरुमा सक्रिय संलग्नता जनाउने ,<br>▪ स्थानीय विकास निर्माणका कार्यहरुमा जनसहगिता अभिबृद्धि गर्न वडा तथा गाउँपालिकामा वकालत गर्ने । |

### ३.४.३. संस्थागत संयन्त्र, जनप्रतिनिधी तथा जनशक्तिको क्षमता विकास :

क) लैससास शाखा र सम्पर्क व्यक्तिलाई रणनीति कार्यान्वयन तरीका तथा तोकिएको कार्यभूमिका बारे अभिमूखिकरण तथा सहजीकरण गरी व्यापक जानकारी गराउने ।

ख) लैंगिक हिंसा तथा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१ मा भएका कानुनी व्यवस्थाहरु बारे गाउँपालिकाको जनप्रतिनिधी लगायत कर्मचारीहरुमा अभिमूखिकरण गराई लैंगिकमैत्री कार्य व्यवहारका लागि प्रोत्साहित गर्ने ।

ग) गाउँपालिकाकोसेवा प्रवाह र कार्यप्रणालीलाई लैससास मैत्री बनाउन, लैंगिकता, महिला महासन्धी, बेइजिङ कार्ययोजना, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नं १३२५ र १८२०, दिगो विकास लक्ष्य लगायतका विषयहरुमा तालिम तथा अभिमूखिकरण गरी व्यापक जानकारी गराउने ।

घ) लैससास शाखा लगायत विषयगत शाखा प्रमुख र जनप्रतिनिधीहरुलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण बारे अभिमूखिकरण गरी नियमित लैससास परिक्षण गर्न सक्षम बनाउने ।

ङ) गाउँपालिकाबाट गठन गरिएका लक्षित बर्गका सञ्जालका पदाधीकारीहरुको क्षमता तथा नेतृत्व विकास तालिम मार्फत गाउँपालिकाको समग्र विकास प्रक्रियामा क्रियाशील सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने ।

च) लैंगिक बिभेद, असमानता तथा हिंसा बिरुद्ध जागरण फैलाई बिभेद र हिंसा बिरुद्ध प्रतिकार तथा वकालत क्षमता अभिबृद्धि गर्न समुदाय तहमा व्यापक जनचेतना तथा अभियानका कार्यक्रम संचालन गर्ने ।

छ) विकासका हरेक क्षेत्रमा लैगिक समानता तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्न स्थानीय तहमा कार्यरत कर्मचारी र जनप्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

ज) लैंगिक उत्तरदायी बजेट तथा योजना निर्माण र कार्यान्वयनका लागि सम्बन्धित विषयगत शाखा, वडा प्रतिनिधीलाई अभिमूखिकरण तथा सहजीकरण गर्ने ।

### ३.५. लैससास रणनीति कार्यान्वयनको लागी स्रोत परिचालन र रणनीति कार्यान्वयनका लागि आर्थिक, प्राविधिक, मानविय

गाउँपालिकाबाट जारी गरिएको लैससास रणनीतिमा तोकीए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु बिचको समन्वय र साझेदारी अपरिहार्य ठानीएको छ । गाउँपालिकामा महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै निकायको योजना तथा कार्यक्रम र बजेट लैंगिक उत्तरदायी बनाउन र योजना निर्माण प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवालाहरु वीच समन्वय र सहकार्य हुनु जरुरी छ । गाउँपालिकाबाट लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा गाउँपालिका क्षेत्रभित्र कार्यरत सम्बन्धीत सरकारी निकाय, गैरसरकारी निकाय, विकास साझेदार, निजि क्षेत्र, महिला समूह तथा समुदाय र आम नागरिक वीच निरन्तर समन्वय र साझेदारी गरिनेछ ।

### ३.६. लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली :

भूमे गाउँपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिल बनाई लैंगिक तथा सामाजिक समावेशीकरण उद्धेश्यहरुले निर्दिष्ट गरेका रणनीति तथा कार्यनितिहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी वार्षिक प्रतिबेदनमा समाबेश गरिनेछ । लैंगिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका बिषयमा समेत वार्षिक लेखाजोखा गरिनेछ । गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र सकारात्मक प्रयासहरू कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी बार्षिक समिक्षा गरिनेछ । बार्षिक प्रगतीका विषयमा समिक्षा गरी सुझावका आधारमा आगामी कार्यदिशा तय गरिने छ ।

गाउँपालिकाको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा निर्देशन गर्न देहाय बमोजिमका व्यक्ति वा निकायको प्रतिनिर्धिधत्व रहने लैससास नीति अनुगमन तथा निर्देशन समिति गठन गरी राष्ट्रिय नीतिमा आधारित रही कार्यविवरण तोकीएको छ ।

**१.) लैससास अनुगमन तथा निर्देशन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | | |
|---|---|---|
| क. | गाउँपलिकाका अध्यक्ष | संयोजक |
| ख. | गाउँपालिकाका उपाध्यष | सदस्य |
| ग. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. | नगरपालिका स्तरीय लक्षित समुदायहरुको सञ्जाल मध्येबाट गाउँपालिकाले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित ३ जना प्रतिनिधी | सदस्य |
| ङ. | महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख | सदस्य |

| | | |
|---|---|---|
| च. | सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

**२.) लैससास अनुगमन तथा निर्देश समितिको काम कर्तव्य र अधिकार**

क) अनुगमन तथा निर्देशन समितिको बैठक बार्षिक रुपमा कम्तीमा २ पटक बस्नेछ ।

ख) सरोकारवालाको सहभागितामा बार्षिक रुपमा प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि गाउँपालिकामा पेश गर्ने ।

ग) स्थानीय नीति, रणनिति, कानुन तथा योजनाहरुको नियमित अनुगमन तथा पुनरावलोकन गरी लैंगिकमैत्री बनाउन आवश्यक समन्वय तथा निर्देशन गर्ने ।

घ) लैंगिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरीएका नीति, योजना तथा कार्यक्रमको नियमित अनुगमन गरी लैंगिक तथा समावेशी सहभागिता अभिबृद्धि गर्न निर्देशन गर्ने ।

ङ) महिला, किशोरी तथा बालिकाहरुको सामाजिक तथा आर्थिक विकासका बाधक वा बिभेदयुक्त संरचनात्मक अवरोधहरु हटाउने खालका कार्यक्रम संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

च) लैंगिक बिभेद, लैंकि हिंसा र विभिन्न खाले शोषण र बिभेद वा दुर्व्यवहारहरुको अन्त्य गर्न निरोधात्मक कार्यक्रमहरु संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

छ) लैंससास उत्तरदायी शासन पद्धती अवलम्वनर खण्डिकृत बिद्युतिय सुचना प्रणालीलाई व्यवस्थित गर्न अभिप्रेरीत गर्ने ।

ज) लैंगिक हिंसा, लैंगिक बिभेद, यौनजन्य दुरव्यवहार, शोषण लगायत विभिन्न जेखिममा रहेका महिला किशोरी र बालिकाहरुको संरक्षणका लागि राहात, पुनस्थापन र अल्पकालिन सेवा केन्द्र संचालन सम्बन्धी योजना तथा कार्यक्रम तय गर्न निर्देशन गर्ने ।

झ) महिला, अपांगता भएका व्यक्ति, दलित लगायत सामाजिक बञ्चितिकरणमा परेका व्यक्ति समुदायहरुको आर्थिक शसक्तिकरणका योजना तथा कार्यक्रम तर्जुमा गर्न गाउँपालिका सम्बन्धित संयन्त्र तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय तथा निर्देश गर्ने ।

३) **वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | | |
|---|---|---|
| **क.** | वडा अध्यक्ष | संयोजक |
| **ख.** | वडा समितिका सबै सदस्यहरु | सदस्य |
| **ग.** | वडास्तरीय लक्षित समुदायको सञ्जाल मध्येबाट वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी | सदस्य |
| **घ.** | वडा बाल संजालको अध्यक्ष | सदस्य |
| **ङ.** | वडा सचिव | सदस्य सचिव |

**४) निर्देशन तथा अनुगमन उपसमितिको काम कर्तब्य र अधिकार**

क) योजना तथा बजेट तर्जुमा चरणमा विपन्न तथा बञ्चित व्यक्ति समुदायलाई सहभागी गराउन सरोकारवाला तथा नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ख) वडा तहको खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

ग) योजना कार्यावयनमा लैंगिक तथा समाबेशी सहभागिता बृद्धि गर्न नियमित अनुगमन गरी आबश्यक निर्देशन गर्ने ।

घ) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सहभागितात्मक अनुगमन तथा मूल्याङ्कनन गर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनवाई गगर्ने, राउने र लैससास लेखाजोखा गर्ने ।

ङ) वडा भित्रका महिला, बालबालिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत गर्ने र

च) वडास्तरमा लैससास सम्वन्धि कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

छ) लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने ।

झ) यस रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।

**३.७ लैससास रणनीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु :**

लैससास विषय अन्तरसम्बन्धित सवाल भएकोले कुनै एउटा मात्र निकायको पहलमा पुर्णत अवलम्वन गर्न सकिदैन । लैंगिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न स्थानीय सरकार लगायत सबै सरोकारवाला निकायहरुको निकटतम समन्वय र सहकार्यको आवश्यकता पर्दछ । लैससास नीतिले प्रत्याभुत गरेका प्रावधानहरु कार्यान्वयनका सन्दर्भमा समाजमा बिद्यमान हानिकारक गलत सामाजिक अभ्यास तथा प्रचलन र पितृसतात्मक सोंचको कारण विभिन्न जोखिमहरु सामना गर्नुपर्ने अवस्था आउने देखिन्छ । उल्लेखित नीति, रणनीति र कार्यनीतिको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने देहाय बमोजिमका सम्भाव्य जोखिम तथा चुनौतीहरुको आधारमा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिने छ ।

| **संभावित जोखिम** | **जोखिम न्यूनीकरणका उपायहरु** |
|---|---|
| गाउँपालिका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाईमा एकरुपता हुन नसक्नु । | ▪ सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणाबारे समान बुझाई बनाउने ।<br>▪ लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमूखिकरण गर्ने । |
| सामाजिक विकासका कार्यक्रमले भौतीक विकासका कार्यक्रमले जस्तो तत्काल परिणाम देखाउन नसकिने हुदा लैससास विषय स्थानीय सरकारको प्राथमितामा पर्न नसक्नु । | ▪ लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्धता बारेमा जानकारी गराई लैससास बिषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>▪ लैंगिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि नियमित समन्वयलाई प्रभावकारी बनाउने । |
| लैससास रणनीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानबस्रोतको कमी हुन सक्नु । | ▪ गाउँपालिकाबाट क्षमता विकासका कार्यक्रममा लगानीको वातावरण मिलाई दक्ष मानवस्रोतको उत्पादन तथा परिचालन गर्ने । |
| लैससास नीतिमा उल्लेखित प्राबधानहरु कार्यान्वयन गर्न स्रोत | ▪ गाउँपालिकाकोस्रोत परिचालनमा न्यायिक बितरण प्रणालीको अवलम्बन गर्ने ।<br>▪ वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी |

| | |
|---|---|
| साधनको सीमितता हुन सक्ने । | विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>▪ लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थासंग समन्वय र सहकार्य बृद्धि गर्ने । |
| गाउँपालिकाको लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको अभाव हुन सक्नु । | ▪ लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझाव कार्यान्वयन गर्ने गराउने । |
| टोलबस्ती तथा वडास्तरबाट लैससाससँग सम्वन्धित योजना तथा कार्यक्रमहरु छनौटमा पर्न नसक्नु । | ▪ लक्षित बर्ग समुदायको अवस्था पहिँचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने ।<br>▪ योजना तर्जुमा प्रक्रियामा लक्षित बर्ग समुदायको अर्थपूर्ण सहभागिता बृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने । |
| वन्चितीकरणमा परेका वर्ग तथा क्षेत्रको आर्थिक सशक्तिकरण हुन नसक्नु । | ▪ उद्यमशिलता विकास कार्यक्रमहरु मार्फत लक्षित बर्ग समुदायको रोजगारी र आयआर्जनका कार्यमा संलग्न गराउने ।<br>▪ लक्षित व्यक्तिहरुलाई कृषि, पशुपालन लगायतका क्षेत्रमा प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अववसर सृजना गर्ने |
| खण्डिकृत तथ्याङ्क तथा सूचनाहरुको आधारमा योजना र कार्यक्रमहरु तयार हुन नसक्नु । | ▪ सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने । |
| स्थानीय स्रोत तथा लाभ र अवसरहरुमा लैंगिक तथा समावेशी पहुँच कम हुन सक्नु । | ▪ योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाई सुधारका पक्षहरु औल्याई कार्यान्वयनका लागि सम्बन्धित पक्षलाई सुझाव सहित निर्देशन गर्ने । |

## ३.७ कानुनी व्यवस्था तथा पुनरावलोकन

### ३.७.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

भूमे गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन र स्पष्ट कार्य निर्देशनका लागि लैससास कार्यान्वयन कार्यविधि र आवश्यकता अनुसार लैंगिक हिंसा बिरुद्ध रणनीति, कार्ययोजना वा निर्देशिकाहरु समेत निर्माण गरी लागु गरिनेछ । उक्त कार्यविधि तथा शाखागत रणनीति वा कार्ययोजना निर्माण गर्दा नेपालको संविधानमा व्यवस्था गरिएको लैंगिक समानता र महिलाको हक, स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएको लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी प्रावधान र अन्तराष्ट्रिय महासन्धी, घोषणापत्रहरुमा उल्लेखित प्रावधानहरुलाई आधार मानिने छ ।

### ३.७.२.रणनीतिको पुनरावलोकन तथा सुधार

भूमे गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीति २०७८ लाई आवश्यकता अनुसार समसामयिक विषयहरुमा पुनरावलोकन गरी परिमार्जन वा सुधार गरिनेछ । लैससास रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कनको आधारमा समिक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ ।

## परिच्छेद ४.
## एकल तथा समूह केन्द्रित छलफल तथा अन्तर्वार्ताका लागि चेकलिस्ट/प्रश्नावली लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति भूमे गाउँपालिका

### १. एकल तथा समूह केन्द्रित छलफलको लागि :

१. संबिधान, स्थानीय सरकार संचालन ऐन आदिले दिएको लैससास सम्बन्धित कामहरू गर्न आवश्यक ऐन, कानुन, नीति, योजना, बजेट, संस्थागत संयन्त्र छ, छैन ?

२. स्थानिय सरकारले केन्द्र तथा प्रदेश सरकार सँग लैससास सम्बन्धित काम गर्न कसरी समन्वय गरि राखेको छ ?
३. लैससासमूखी योजना तथा बजेट निर्माण प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक, अपांङ्गता भएका ब्यक्ति, एकल महिला, किशोर किशोरी तथा अन्य पिछडिएका लक्षित बर्ग समुदायहरूको अर्थपूर्ण सहभागिता, लाभ तथा परिणाममा समानता छ छैन ?

४.लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आन्तरिक तथा बाह्य रुपमा विभिन्न सरकारी एबम् गैर सरकारी निकायहरूसँग साझेदारी तथा समन्वय कस्तो छ ?

५. स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूले लैससास कार्यान्यन तथा मूलप्रवाहीकरणको लागि आवश्यक क्षमता विकास तथा सचेतिकरण छ छैन ? छैन भने यसलाई लै ससासमूखी कसरी बनाउने ?

६. स्थानीय सरकारले कार्यान्वयन गर्ने सम्पूर्ण कार्यक्रम, आयोजना, परियोजना आदिको अनुगमन तथा मूल्यांकन बिधि लैससासमूखी छ छै न र छैन भने लैससासमूखी कसरी बनाउने ?

### २. अन्तर्वार्ता (Key Informant Interview) का लागि :

| क.स | समुह समस्याहरू | समस्याहरू | समाधान कसरी गर्ने ? |
|---|---|---|---|
| १. | महिलाका समस्या | | |
| २. | दलितको समस्या | | |
| ३. | आदिवासी जनजातिको समस्या | | |
| ४. | जेष्ठ नागरिकको समस्या | | |
| ५. | किशोर किशोरीको समस्या | | |
| ६. | एकल महिला समस्या | | |
| ७. | एकल जेष्ठ पुरुषको समस्या | | |
| ८. | अपांङ्गता भएका ब्यक्तिको समस्या | | |

| | | | |
|---|---|---|---|
| ९. | पहुंच नपुगेका बस्ती | | |
| १०. | अन्य समस्याहरू | | |

### ३. बिषय केन्द्रित छलफल (Focus Group Discussion) का लागि :

| **क्र.स** | **बिषयबस्तु** | **समस्याहरू** | **समाधान कसरी गर्ने ?** |
|---|---|---|---|
| १. | **लैसासमूखी दृष्टिकोणबाट सामाजिक** (शैक्षिक तथा मानव संसाधन, स्वास्थ्य तथा पोषण, खानेपानी सरसफाई, कला संस्कृति तथा भाषा, शान्ति सुरक्षा आदि) समस्या तथा समाधानका उपायाहरू । | | |
| २. | **लैससासमूखी दृष्टिकोणबाट** आर्थिक तथा रोजगारीको समस्या तथा समाधानका उपायहरू । | | |
| ३. | **लैससासमूखी दृष्टिकोणबाट** भौतिक पूर्वाधार विकास (यातायात, विद्युत, आवास तथा भवन, प्राकृतिक तथा मानव सिर्जित बिपत व्यवस्थापन आदि) सँग जोडिएकाहरू समस्या तथा समाधानका उपायहरू । | | |
| ४. | **लैससासमूखी दृष्टिकोणाबाट** राजनैतिक समस्या तथा समाधानका उपायहरू । | | |
| ५. | अन्य समस्या तथा समाधानका उपायहरू । | | |